# महिला विरुद्ध हुने भेदभाव उन्मूलन हेर्ने समिति (सिड)

४९औं सत्र

११- २९ जुलाई २०११

नेपालमा आदिवासी महिलाहरुको अधिकार

नेपालले पेस गरेको चौंथो र पाँचौं आवधिक प्रतिवेदनको छायाँ प्रतिवेदन सिड/सी/एन पी एल/ ४-५

**प्रस्तुतकर्ताः-**


राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (NIWF)

नेपालका आदिवासीहरुको मानव अधिकार सम्बन्धी वकिल समूह (LAHURNIP)

फरेष्ट पिपल्स प्रोग्राम (FPP)

**प्रस्तुतकर्ता संगठनहरुको परिचय**

**राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (NIWF)** ३१ वटा आदिवासी जनजाति महिला संगठनहरुको प्रतिनिधिमूलक छाता संगठन हो । नीफले नेपालमा अदिवासी जनजाति महिलाहरुको अधिकारको बारेमा चेतना सृजना गर्ने, प्रतिरक्षा तथा प्रचार प्रसार गर्ने कार्य गर्दै आएको छ ।

ठेगानाः काठमाडौं जिल्ला बुद्धनगर, नेपाल-१४ टेलिफोन ९७७-१-६२२६८०४ र ९७७-१- ४७८४१९२

इमेलः niwf_nepal@yahoo.com web: www.niwf.org

नेपालका आदिवासी जनजातिहरुको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) सन् १९९५ मा स्थापना भएका नेपालका आदिवासी जनजाति कानुन व्यावसायीहरुको संगठन हो । यस संगठनले नेपालका आदिवासी जनजातिहरुको मानव अधिकार तथा आधारभूत स्वतन्त्रताको प्रवर्द्धन, संरक्षण र प्रतिरक्षामा कार्य गर्दै आएको छ ।

ठेगानाः काठमाडौं महानगरपालिका, अनामनगर-३२, टेलिफोन ९७७-१-४७७०७१०

इमेल : lahurnip.nepal@gmail .com, info@lahurnip.com

फरेष्ट पिपल्स प्रोग्राम (एफ. पि. पि.) सन् १९९० मा स्थापना भएको एउटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो । यसले आदिवासी जनजातिहरुको अधिकारलाई सहयोग पुऱ्याउँदछ । यसले जंगलमा जीविकोपार्जनको लागि आश्रित आदिवासी जनजाति तथा अरु जनताहरुलाई उनीहरुको भूमि र भाग्य सुरक्षित तथा नियन्त्रण गर्न सघाउ पुऱ्याउने लक्ष्य लिएको छ ।

ठेगानाः- १ सी फोसवे विजनेस सेन्टर, स्टार्डफोड रोड, मिराटन-इन- मार्स, जी एल ५६९ एन क्यू, संयुक्त अधिराज्य

टेलिफोन ४४(0) १६०८६५२८९३ फ्याक्सः ४४(0)१६०८६५२८७८

इमेलः omfp@fpres[ep[;es/prg web: www.forestpeoples.org

# छोटकरी शब्दावली

**विषय सूची**

१. छोटकरी शब्दावली
२.कार्यकारी संक्षेप
३.परिचय
४.बहुपक्षीय विभेदः लैङ्गिक, जातीय वा अन्य बनावट वीचको सम्बन्ध
५.समग्र मार्गः महिला तथा आदिवासी जनजातिहरुको अधिकार
६.जातीय र लैगिक विभेदको ऐतिहासिक पृष्टभूमि
७.खण्डीकृत तथ्याङ्कको अभाव
८. सिडअमा आदिवासी महिलाहरुको अधिकार
९.भूमि तथा स्रोतहरुमाथिको स्वामित्व तथा पहुँच गुमाउनु (धारा १-५, १४)
१०. सार्वजनिक तथा राजनीतिक जीवनमा सहभागिताको अधिकारबाट इन्कारी (धारा ७ र ८)
११.परम्परागत भाषा प्रयोगको अधिकार, सांस्कृतिक परम्पराको अभ्यासको अधिकारको इन्कारीबाट सृजित विभेद (धारा २ र १०)
१२. रोजगारीमा विभेद (धारा ११)
१३. महिला विरुद्धको हिंसाः आदिवासी महिलाहरुको वेचविखन र यौन शोषण (धारा ६ र आधारभूत सिफारिस नं. XLX )
१४. निष्कर्ष र अनुरोध

**अनुसूची कः नेपालमा पहिचान गरिएका आदिवासी जनजातिहरुको अनुसूची**

अनुसूची ख : सन् २००७ देखि नेपालमा आदिवासी जनजाति महिलाहरुको राजनीतिक पार्टीहरुमा सहभागिताको तथ्याङ्क, आदिवासी जनजाति महिलाहरुको सम्भव भएसम्मको खण्डीकृत तथ्याङ्क
अनुसूची गः नेपाल सरकार नेपाल आदिवासी जनजाति महासंघ तथा नेपाल राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ बीच भएको बीस बुँदे सम्झौता

**१) कार्यकारी संक्षेप**

१. प्रस्तुत प्रतिवेदन नेपालका दुईवटा आदिवासी जनजातिहरुको संस्थाहरु तथा एक अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाद्वारा महिला विरुद्ध हुने भेदभाव उन्मूलन महासन्धि हेर्ने समिति (यसपछि समिति) लाई विनम्र पूर्वक पेस गरिएको छ । यस प्रतिवेदनमा, नेपालका अदिवासी जनजाति महिला विरुद्ध भएका विभेदहरुका विविध उदाहरणहरु, जुन बहुतहगत (विभिन्न तहहरुमा) प्रकृतिका रहेका छन् । नेपालमा आदिवासी जनजाति महिलाहरु आफ्नो अवस्थाको (पहिचान) कारणले, उनीहरुप्रति विभेद सृजना भइरहेको र गरिबीको कारणले तथा धेरै मामिलाहरुमा महिला भएको कारणले पनि विभेदमा परेको देखिन्छ । त्यस प्रकारका भेदभावले सिडअको धारा १-८, १०,११,१३ र १४ मा प्रत्याभूत अधिकारको उल्लङ्घन गरेको छ ।

२. छुट्टै र असान्दर्भिक विषयवस्तु नमानी यस्ता विभेदहरु समानन्तरण कार्यहरुसँगै अनिवार्य रुपमा सम्बोधन गर्नु पर्दछ । जस्तो कि सिडको प्रस्तावनामा जोड दिइएको छ : सबै प्रकारको जातीय विभेद, स्वरुप /र/ जातीय विभेदको उन्मूलनका निम्ति महिला र पुरुषले सबै अधिकारहरुको पूर्ण रुपमा उपभोग गर्न अति आवश्यक हुन्छ । उदीयमान आधुनिक गणतन्त्र नेपालमा ऐतिहासिक, जातीय तथा लिङ्गमा आधारित विभेदले पछिसम्म निरन्तर असर पारिरहेको देखिन्छ । यद्यपि नेपालको अन्तरिम संविधानमा यस्ता बहुस्वरुपको विभेदलाई पहिचान गर्ने सकारात्मक प्रावधानहरु भए तापनि आदिवासी जनजाति महिलाहरुको अधिकारलाई प्रभावकारी रुपमा संरक्षण गर्न र सम्बोधन गर्न व्यापकरुपमा असफल भएको देखिन्छ ।

३. आदिवासी जनजाति महिलाहरुले आफ्ना सांस्कृतिक तथा परम्परागत भूमि खोसिएको कारणले परम्परागत पेसाहरु, जीविकोपार्जन र समाजमा आफ्नो भूमिका निरन्तर रुपमा गुमाउँदै आएका छन् । अरुण तेस्रो जस्ता ठूला जलाशययुक्त परियोजनाहरु आदिवासी जनजाति भूमिमा जबरजस्ती लागू गरिएका कारण महिलाहरुले आन्तरिक बसाइसराइ, सैनिक वा सुरक्षा निकायका कर्मचारीबाट धम्की, डर-त्रासजस्ता समस्यासंग समाना गर्छन् । काठमाडौँमा व्याप्त जग्गा खरिदबिक्री गर्नेहरुलाई घरमुली

पुरुषहरुले जग्गा बिक्री गरी रकम राख्ने र सो उपर महिलाहरुको नियन्त्रण नहुने भएका कारण उनीहरु असुरक्षित भएका छन् । खस नेपाली सरकारी कामकाजको भाषा भएको हुनाले  आदिवासी जनजाति महिलाहरुले अध्ययनको लागि  विद्यालयमा प्रवेश पाउने  र पढाइमा सफलता पाउने अनुभव अत्यन्तै न्यून देखिन्छ र विगतमा उनीहरुको मातृभाषा सरकारी कार्यालयहरु तथा न्यायिक कामकाजमा प्रयोग गर्न बन्देज लगाएका कारण हाल उनीहरुले  आफ्ना कुराहरु आदान प्रदान गर्न अप्ठ्यारो महसुस गरेका छन् ।

४. माथि उल्लिखित परिप्रेक्ष्यमा हामी विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छौं कि समितिले नेपाल सिडको पक्ष राष्ट्र भएको हुनाले तत्काल चाल्न पर्ने कदमहरु:

१) सरकारद्वारा स्वीकृत गरिएका सूचीमा नपरेका नेपालका आदिवासी जनजातिहरुलाई स्व- पहिचानको सिद्धान्त ध्यानमा राखी पहिचान दिलाउनु पर्ने (हे अनुसूची क)

२) सम्भावित आदिवासी जनजाति आयोगको स्थापना गरी अद्योपान्त राष्ट्रिय कानुनहरुको पुनरावलोकन गर्नुपर्ने । पुनरावलोकनको माध्यमद्वारा निश्चित समुहद्वारा महिलाहरु उपर जातीय आधारमा प्रत्यक्ष वा अप्रत्यक्ष भेदभाव गर्न दिने कानुनहरुलाई पहिचान तथा सुधार गर्ने । न्युनतम रुपमा आदिवासी जनजातिहरुको भूमि प्रशासन मान्यता नदिने तथा परम्परागत जीविकोपार्जनलाई बञ्चित गर्ने कानुनलाई  त्यस प्रकारको कानुनी सुधार गरी सच्याउनु पर्ने ।

३) आदिवासी जनजाति महिलालाई कानुन सुधार प्रक्रियामा सहभागी गरी भूमि, प्राकृतिक स्रोतको पहुँच र व्यवस्थापनको अधिकारलाई सुनिश्चित गर्नको लागि सावधानीपूर्वक बनाइएको योजनाद्वारा भूमि प्रशासन र पहुँचको अधिकारलाई सुधार गर्ने । उनीहरुको संस्कृतिसँग गाँसिएको भूमि र स्रोतको स्वामित्व र व्यवस्थापनको अधिकारलाई कायम राख्न आवश्यकीय ठाउँहरुमा आदिवासी जनजातिहरुको सामूहिक अधिकारलाई मान्यता समेत दिनुपर्दछ ।

४) भूमिको दर्तापुर्जा प्रदान नगरिएका नेपालका क्षेत्रहरुमा भूमि सीमाङ्कन, रेखाङ्कन र भूमि दर्ता पुर्जा प्रक्रियासँगै भूमि अधिकारलाई मान्यता दिने निश्चित व्यवस्थापकीय उपायहरु अवलम्वन गर्नुपर्ने, वा आदिवासी जनजातिहरुका  सामूहिक अधिकारलाई विचार नगरी  महिला, पुरुष तथा आदिवासी जनजाति समूहको सहमति नलिई समाप्त गरिएको भएमा संयन्त्र स्थापना गरी गुमेको भूमिमा अधिकार दिनुपर्दछ ।

५) अग्रिम सुसूचित स्वतन्त्र सहमति लिएरमात्र कुनैपनि ठूला परियोजनालाई अनुमति दिने कार्य सुनिश्चित गर्नुपर्ने । सरकारी आवश्यक्ताका सार्वजनिक सरोकारका ठूला ठूला परियोजना सञ्चालन गर्न जब सहमति प्रदान गरिन्छ, आदिवासी जनजाति महिला तथा पुरुषलाई विशिष्ट प्रकारको वा उपयुक्त

क्षतिपूर्ति दिने सम्बन्धमा विशेष प्रकारको निर्देशिकामा समावेश हुनुपर्दछ साथै भूमिको बदला भूमि दिनुपर्दछ । जाति तथा जनजातिको आधारमा असमान लाभांश वितरण व्यवस्था सुनिश्चित गर्नुपर्दछ ।

६) त्यस्ता व्यापक भेदभावलाई निषेध गर्न सरकारले आफ्ना प्रयासहरुलाई अनुवादको सेवाहरु, दुर्गम क्षेत्रका समुदायहरुलाई यातायात सहयोगको व्यवस्था, न्यायिक कामकुराहरुमा वैधानिकरुपले आदिवासी जनजातिको भाषा प्रयोग गर्न पाउने कार्यद्वारा सृदृढ पहुँच भएका प्रशासनिक तथा न्यायिक उपचारहरु कार्यान्वयन गर्नुपर्दछ ।

७) पछाडि पारिएका, सीमान्तकृत समूहहरु विशेषगरी दलित, मधेशी, आदिवासी जनजाति र यस समुदायका महिलाहरुले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई विना भेदभाव पूर्णरुपमा उपभोग गर्न संरक्षण र सर्म्बद्धनको लागि कार्यान्वयन गरिएका कार्यक्रमहरु अनुगमन गर्न राष्ट्रिय आदिवासी जनजाति आयोग अन्तर्गत संयन्त्र स्थापना गर्ने ।

८) आदिवासी जनजातिहरुको अवस्था र उपयुक्त लैङ्गिक संवेदनशील विकासको सही सूचनाको लागि लैङ्गिकता र स्व-पहिचानको मापदण्डलाई ध्यानमा राख्दै आदिवासी जनजाति र न्यासनलिटीको खण्डीकृत तथ्याङ्क संकलन सुनिश्चित गर्ने ।

९) विद्यमान भूमि सुधार प्रयासमा आदिवासीहरुको परम्परागत भूभागमा पहुँच, व्यवस्थापन र प्रयोगको अधिकारको संरक्षणलाई विशेष ध्यान दिँदै, व्यैयक्तिक तथा सामूहिक भूमि व्यवस्थापनको अधिकार सुनिश्चित गर्ने ।

१०) राजनीतिक तथा सार्वजनिक क्षेत्रहरुमा आदिवासी जनजाति महिलाहरुको आदिवासी जनजाति महिलाकै रुपमा प्रभावकारी सहभागिता प्रर्वद्धन गर्ने । यस प्रक्रियामा आदिवासी जनजातिहरुको आत्मनिर्णयको अधिकारको पूर्णरुपमा सम्मान गर्नको लागि राष्ट्रिय राजनीतिमा आफ्ना मौलिक प्रकारले स्वतन्त्ररुपमा चुनिएका संस्थागत प्रतिनिधिहरुको माध्यमबाट भाग लिन सक्नेछन् ।

११) उनीहरुले आफैं छानेका सामूहिक प्रतिनिधित्वको अधिकारलाई मान्यता दिँदै संविधान निर्माण प्रक्रियामा उनीहरुले स्वतन्त्रपूर्वक छानेका आदिवासी जनजाति महिला तथा पुरुष प्रतिनिधिहरुद्वारा आदिवासी जनजातिको सहभागिताको व्यवस्था गर्ने ।

१२) सहभागिताको लैंगिक मुलप्रवाहीकरणको लागि आवश्यकता प्रतिबिम्बित गर्ने गरी विभेदका दुवै स्वरुपलाई सम्बोधन गर्दै सीमान्तकृत समुदायहरुभित्र समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न कोटा अथवा आरक्षणको व्यवस्था गर्ने ।

१३) अन्य सवै विकल्प मुल्याङकन गरेपश्चात, नलगाई नहुने अपबादको परिस्थितिमा मात्र परम्परागत वा रीतिगत जीविकोपार्जनमा प्रतिबन्ध लगाउने कार्य गर्ने, यस्तो गर्दा जीविकोपार्जनको पेसाको उपयुक्त प्रतिस्थापनाको लागि अवसर प्रदान गरी विशेष उपायद्वारा सुनिश्चित गर्ने ।

१४) बहुसंख्यक आदिवासी जनजातिहरु पढ्न जाने विद्यालयहरुमा पठनपाठनको माध्यम भाषा आदिवासी जनजातिहरुकै भाषाहरुको मान्यतालाई सुनिश्चित गर्ने, साथै आदिवासी बालबालिकाहरुका माभmमा साक्षरता वृद्धिदर बढाउन सहयोग गर्नको लागि दुईभाषिक शैक्षिक कार्यक्रमहरु स्थापना गर्नुपर्दछ । उनीहरुको संस्कृति साथै विशिष्ट भाषालाई सशक्त बनाउन, संस्कृति मन्त्रालयले उनीहरुसँग बसी शैक्षिक कार्यक्रम तर्जुमा गर्नुपर्दछ ।

१५) न्याय प्रणाली, सार्वजनिक स्वास्थ्य, शिक्षा साथै राज्यको सञ्चारलगायतका सबै क्षेत्रहरुमा नेपालका सबै आदिवासी जनजातिहरुसँग उनीहरुको भाषाहरुको कानुनी समानताको व्यवस्था गर्ने ।

१६) बँधुवा मजदुरको अवस्थावाट अलग्ग राख्न वा उनीहरुको जीवन र जीविकोपार्जन पुनः स्थापित गर्न, स्रोतहरुमा सक्षम बनाउने कार्य सुनिश्चित गर्न, जबरजस्ती श्रममा लगाइएका वा बँधुवा मजदुर विशेषगरी थारु महिला तथा वालबालिका, घरेलु बँधुवा मजदुरबाट मुक्त भएका, कृषि श्रमबाट मुक्त भएका, जस्तो कमैया वा कमलरी प्रथाबाट मुक्त भएकालाई स्थायी तालिम तथा सीप सहयोग प्रदान गर्नु पर्ने ।

१७) सकारात्मक कानुनी व्यवस्थाको सहयोगको लागि कडा कानुनी कार्यान्वयनको व्यवस्थाहरु जसले महिला र चेलिबेटी बेचबिखनलाई सम्बोधन गर्न सीमा रक्षकलाई तालिम दिनुपर्ने, गैरकानुनी धन्दा गर्नेलाई कडाभन्दा कडा सजाय गर्नुपर्ने । यस प्रकारका रोकथामका व्यवस्थाहरुमा लक्षित र प्रभावकारी उपायहरु समावेश हुनुपर्दछ जस्तै दुर्गम क्षेत्रहरुमा प्रभावकारी अर्थिक विकास कार्यहरु, चेलीबेटी बेचबिखनका कार्यक्रमहरुलाई सम्बोधन गर्ने गर्दै विषेशगरी संकटाभिमुख जनसमुदाय साथै आदिवासी जनजाति महिला तथा चेलीबेटीहरुलाई विशेष जोड दिनपर्ने ।

# परिचय

**तहगत भेदभाव : लिङ्ग तथा जातीय अन्तरको अन्य अर्को स्वरुप बीचको सम्बन्ध**

५. नेपाललाई लागू हुने अन्तर्राष्ट्रिय कानुनहरुको पङ्क्तिमा आदिवासी जनजातिहरुको अधिकार ग्यारेन्टी गरिएका छन् । यसमा महिलाहरुको अधिकार संरक्षण गर्ने अन्तर्राष्ट्रिय मानवअधिकार महासन्धि पर्दछन् । जस्तै महिला विरुद्ध हुने भेदभाव उन्मूलन महासन्धि साथै भेदभावको अन्त्य स्वरुप सम्बोधन गर्ने तथा आदिवासी जनजातिको अधिकार संरक्षण गर्ने कानुन तथा दस्ताबेजहरु र संयुक्त राष्ट्रसंघका महासन्धिले जातीयता, विदेशीसित घृणा गर्ने स्वाभाव, असहनशीलता विरुद्ध विश्व सम्मेलनको सुअवसर मानवअधिकारको पुनरावलोकन गर्दा पहिचान गरेका थिए कि लिङ्ग, जाति, रङ्ग, जातीयता तथा अन्य अधीनताको मतलबको कारणले आदिवासी जनजाति महिलाहरुले भेदभावको बहुस्वरुपहरुको सामना गरी रहेका छन् ।

६. महासचिवले व्याख्या गर्नु भयो कि अन्तरको अन्य स्वरुपमा आधारित भेदभावहरुसँग लिङ्गमा आधारित भेदभाव टुक्रिन्छ, जस्तै जाति, जातीयता, धर्म तथा आर्थिक स्तर तसर्थ विश्वका अधिकांश महिलाहरु दोहोरो वा तीन गुना सिमान्तीकरण तर्फ जबरजस्ती धकेलिएका छन् । आदिवासी जनजाति, परदेशी र अल्पसंख्यक तथा सीमान्तीकृत महिलामाथि जातीयता आप्रवासी र लैंगिक भेदभावको संयुक्त प्रभावले विशेषत संसारभरि उनीहरुको मौलिक मानव अधिकार तथा समानताको पुर्ण उपभोग गर्नको लागि दुवै सार्वजनिक तथा कानुनी  क्षेत्रहरुमा विनासकारी परिणाम थियो र छ । जातीयता जाति, धर्म आदिमा आधारित भेदभावका राज्य तथा सामाजिक बनावटमा रहेको हुन्छ र त्यस्तो भेदभावले महिलाहरुलाई प्राप्त हुने अधिकार र उपचारहरु घटाउँछ तथा महिलाहरुको हिंसा र दुरुपयोग सम्बन्धी कमजोरीपन बढाउँछ । यस समितिको मञ्जुरी अनुसार धेरै अवसरहरुमा यो पहिचान गरिएको छ कि आदिवासी जनजाति महिलाहरुले भेदभावको विविध स्वरुपहरु वा अन्तर क्षेत्रीय भेदभाव अनुभव गर्दछन् ।

७. विभिन्न मानवअधिकारका निकायहरुले बहु-तहगत विभेदको बारेमा प्रकाश पारेको देखिन्छ । जसअनुसार, जातीय रुपले हुने लैङ्गिक विभेदलाई अन्त्य गर्न तथा सम्बोधन गर्ने आवश्यकता अनुसार विभिन्न मापदण्डहरु बनाएका छन् । जातीय विभेद उन्मूलन गर्ने महासन्धि अनुगमन समितिको सिफारिस नं. २५ जुन लिङ्गमा आधारीत जातीय विभेदको आयामको बारेमा सम्बन्धित छ । त्यस सिफारिस अनुसार जातीय विभेदले महिला र पुरुषलाई समानरुपमा एउटै प्रकारले प्रभाव पार्दछ । जातीय विभेदका त्यस्ता परिस्थितिहरु हुन सक्छन् जसमा प्राथमिक रुपमा महिलालाई मात्र वा महिलालाई भिन्न प्रकारले वा पुरुषको तुलनामा महिलालाई भिन्न स्तरमा विभेद गर्दछ । आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार अनुगमन गर्ने समितिले जोड दिएको छ, "केही व्यक्तिहरु वा समुदायहरु निषेध गरिएको आधारमा भन्दा बढी विभेदमा परेका हुन सक्छन् । उदाहरणको लागि

जनजाति, धार्मिक अल्पसंख्यक महिलाहरुलाई लिन सकिन्छ । त्यस प्रकारको बहुपक्षीय विभेदका व्यक्तिहरुमा विशेष र भिन्न प्रकारको असर परेको हुन सक्छ । विशेष प्रकारको फाइदा र उपचारहरुको सम्बन्धमा खासगरी भरखरै पनि महिलाहरुको विशेष समाधिक्षक रसिद मञ्जुले महिला विरुद्द हुने हिंसा र यसको कारण तथा परिस्थितिको बारेमा प्रतिवेदन पेस गर्दै बहुपक्षीय विभेदलाई सामना गर्न संयुक्त राष्ट्र संघको प्रणाली र संयन्त्रहरुले सम्पूर्ण उपाय (Holistic approach) अपनाउनुपर्छ ।

**पूर्ण पहुँच : महिलाहरुको अधिकार तथा आदिवासी जनजातिहरुको अधिकार**

८. आदिवासी जनजातिहरुको अधिकारलाई संरक्षण गर्न मुख्य कानुन तथा संयन्त्रहरुलाई ध्यानमा राख्दै यस महासन्धिको व्याख्या गर्ने क्रममा आदिवासी जनजाति महिला विरुद्ध हुने विभेद र हिंसालाई सम्बोधन गर्न पूर्ण उपाय (Holistic approach) अपनाउनु आवश्यक देखिन्छ । महासन्धि नं. १६९ ले गरेको व्यवस्था अनुसार महासन्धिमा उल्लिखित अधिकारहरु महिला र पुरुष सदस्यहरु बिच विना विभेद लागू गर्नुपर्छ । आदिवासी जनजातिहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र जसलाई नेपालले सहमति जनाएको छ । यसमा पनि त्यस्तै खालको व्यवस्था छ । जसअनुसार घोषणापत्रमा उल्लिखित सबै अधिकार तथा स्वतन्त्रताहरु महिला र पुरुषहरु बिच समान रुपमा प्रत्याभुत गरिएका छन् । त्यस्तै बाल अधिकार सम्बन्धी महासन्धि अनुगमन गर्ने समितिले पनि आदिवासी जनजातिहरुको विषयमा पूर्ण पद्दति अपनाउनुपर्ने सिफारिस गरेको छ । यसरी सिफारिस गर्दा समितिले युएनड्रिपलाई उल्लेख गर्दै पक्ष राष्ट्रहरुले कानुन बनाउने र प्रवर्द्धन गर्न सिफारिस गरेको छ ।

९. आदिवासी जनजातिहरुको अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गरी आदिवासी जनजातिको अधिकारहरु सरकारले पुष्टि गर्न प्रतिबद्धता जनाए अनुसार नेपालको प्रतिबद्धताहरु राष्ट्रिय कानुनमा निश्चित गरिएको छ । नेपाल सन्धि ऐन २०४९ को दफा ९ ले उल्लेख गर्छ कि नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय सन्धिहरुलाई नेपालको कानुनमा समावेश गरिन्छ । अन्तर्राष्ट्रिय कानुन र राष्ट्रिय कानुनको बीचमा विवाद उत्पन्न भएको अवस्थामा अन्तर्राष्ट्रिय कानुन लागू हुनेछ । तैपनि प्राध्यापक जेम्स अनाया, संयुक्त राष्ट्रसंघको आदिवासी जनजातिको समाधिक्षक (र्‍यापोटियर)ले आदिवासी जनजातिहरुको मौलिक स्वतन्त्रता र मानव अधिकारको अवस्थाको सम्बन्धमा सन् २००८ मा गरेको भ्रमण ताका, आदिवासी जनजातिको अधिकार संरक्षित र सुरक्षित गरिँदा राज्य तथा यसका निकायहरुले उनीहरुको वास्तविकतालाई स्वीकानुपर्ने कुरा बताउनु भएको थियो भने आदिवासी जनजातिका संगठनहरुले आई.एल.ओ. महासन्धि नं. १६९ कार्यान्वयनको विषयमा कुराकानी समेत शुरु गरि सकेका छन् । तर पनि सो महासन्धिको कार्यान्वयन हुन भने अझै बाँकी नै छ भने महासन्धिमा उल्लिखित अधिकारहरुमा पर्याप्त ध्यान पुर्‍याउनमा कमी रहेको छ । त्यसमा पनि नेपालमा आदिवासी जनजातिले गरिवी, सिमान्तीकरण, भेदभाव र श्रोतमा पहुँच सुरक्षित गर्न आधारभूत स्वास्थ्य सुविधाहरु तथा सेवाहरु राजनीतिक प्रतिनिधित्व तथा आर्थिक तथा शिक्षामा अवसरहरुको कमीसँग सम्बन्धित समस्याहरुसँग सामना गर्न परिराखेको छ ।

१०. आदिवासी जनजातिहरुमाथि भएको भेदभावलाई सम्बोधन गर्न अवलम्बन गरिएको उपायहरुको उचित कार्यान्वयन र संयोजनको अभाव छ । त्यसैगरी नेपाली समाजमा भएको असमानता र त्यसको सम्बोधनको लागि आवश्यक पर्ने उपायहरुको कमीको कारण यी महिलाहरुले चरम भेदभाव खेप्नुपरेको छ । समितिले भनेको छ, नेपालमा केही महिलाहरुले एकैसाथ विविध प्रकारको भेदभाव, लैङ्गिक विभेद र सांस्कृतिक रुढीबादको शिकार हुनुपरेको छ । नेपालका आदिवासी जनजाति महिलाहरु एउटा उदाहरण हो, जसरी महिलाहरुले विविध विभेदहरु खेपिरहेका छन् त्यसको समाधानका निम्ति पनि विविध उपायहरु अवलम्बन गरिनुपर्छ ।

**जातीय तथा लैङ्गिक भेदभावको ऐतिहासिक पृष्ठभूमि ।**

११. नेपालमा आदिवासी जनजाति कि त सरकारी स्तरमा पहिचान गरिएका ५९ भित्रका मानिसहरु छन् वा २५ भन्दा बढी समूहहरु अझै पनि राज्यबाट औपचारिक मान्यता खोजिरहेका छन् । वर्तमान राज्य सुधारको क्रममा यिनीहरुलाई राज्यको शक्ति तथा प्राधिकारबाट ऐतिहासिक रुपले बहिष्करणमा परेको समुदायको रुपमा ईंगित गरिन्छ । यद्यपि उनीहरुको अर्थिक स्तर अन्य समुदायहरुको भन्दा फरक छ । आदिवासी जनजातिहरु नेपाली भाषामा अरु मानिसहरुभन्दा फरक छन्, उनीहरुको भिन्न र विशेष संस्कृति भएकोले  हाल प्रचलनमा नरहेको राजतन्त्रद्वारा लागू गरेको कठोर जातीय व्यवस्थामा समावेश गरिएको थिएन । उन्नाईसौं शताब्दीको पूर्व सुरुआत भएको गोरखा राजपरिवारले गरेको शक्तिको संगठन पश्चात् तत्कालीन अवस्थामा रहेको आदिवासीहरुको भूमि, क्षेत्रहरु तथा स्रोतसाधनहरुलाई समाप्त पारिदियो ।

१२.राजतन्त्र अन्तर्गत आदिवासी जनजातिहरुको अवस्था शक्तिबाट एउटा बहिष्करण वा भूमिहरु तथा प्राकृतिक श्रोतहरुमाथिको विद्यमान अधिकार खण्डीकृत थियो । मानव अधिकारको उच्च आयुक्तको कार्यालयले व्याख्या गर्दै यस्तो प्रकाश पार्दछ कि दुईसय (२००) वर्ष भन्दा बढी नेपालको राजनीतिक जीवनमा प्रतिनिधित्वबाट व्यवस्थित तरिकाले आदिवासी जनजातिहरु वहिष्कृत गरिएका छन् तथा हाल उनीहरु जुन राज्यमा आफूहरुलाई पाउँछन् त्यस राज्यको निर्माण र परिभाषा गर्ने कार्यमा औपचारिक रुपमा उनीहरुको भूमिकालाई अस्वीकृत गरिएको छ । हिन्दु राजतन्त्र र केही आदिवासी जनजातिहरु बीच सुरुमा सम्बन्ध भएका सन्धिहरु राज्यमा समावेश गरीएका थिए । त्यस्तो हस्ताक्षर गरिएको सन्धि जस्तै लिम्बु तथा राजा पृथ्वी नारायण शाह  बीच भएको सम्झौता पछि त्यस्तो सम्झौतालाई उपेक्षा गरियो । जमिनमाथि हक अधिकारको (किपट व्यवस्थाको) नेपाली कानुनमा समावेश गरिएको थियो साथै भूमिको अधिकार पहिले पहिचान गरिएको थियो । जब आदिवासी जनजातिलाई अधिराज्य भित्र ल्याइएको थियो । २० औं शताब्दीको मध्यमा भूमि सुधार व्यवस्था ल्याइयो । जसले परम्परागत भूमिमाथिको भोगअधिकार वा पहिलेदेखि विद्यमान सामुदायिकको पूर्ण रुपमा मेटाउने असरको रुपमा देखा पऱ्यो । किपट सन १९६४ को भूमि सुधार ऐन र जग्गा नाप जाँच ऐन २०३४ ले त्यस्तो सामुदायिक हकधिकार हटाइ दियो । प्रबल हिन्दु संस्कृतिको केही उपायहरु साथै जात व्यवस्थामा निहित

कठोर पुरुष प्रधान व्यवस्थाबाट आदिवासी जनजातिको समाजको बहिष्करण एकै समयमा उनीहरुलाई संरक्षण गरेका थिए ।

**खण्डीकृत तथ्याङ्कको अभाव :**

**१३.** सन् २००१ को नेपालको जनगणना अनुसार आदिवासी जनजाति सम्पुर्ण जनसंख्याको ३७.१९ प्रतिशत छ । जे भएपनि यी तथ्याङ्कलाई आदिवासी जनजाति संस्थाहरुले चुनौती दिई वास्तविक संख्या ५० प्रतिशत भन्दा बढी रहेको दाबी गर्दछन् । आदिवासी जनजातिहरुको लागि विशेषत तथा अझै बढी आदिवासी महिलाहरुको लागि स्वास्थ्य, शिक्षामा पहुँच तथा अन्य जीवनको गुणात्मक सूचकहरुसँग सम्बन्धित तथ्याङ्कहरु धेरै थोरै मात्र स्पष्ट छ । संयुक्त राष्ट्रसंघको समाधीक्षक ( र्‍यापोटियर) ले खण्डीकृत तथ्याङ्कको सम्बोधन गरेका छन् । साथै आदिवासी जनजातिको जातीयता वा राष्ट्रियता लिङ्गको सम्बन्धमा सन्दर्भ दिई स्वपहिचानको मापदण्डलाई ध्यानमा राख्दै आदिवासी जनजातिहरुको अवस्थाको बारेमा ठीक जानकारी राख्दै बढावा गर्नको लागि तथा उपयुक्त, लैङ्गिक संवेदनशील कार्यक्रमको वर्गीकरणद्वारा राष्ट्रिय जनगणनामा खण्डीकृत सूचना समावेश हुनुपर्छ भन्ने सिफारिस पनि प्रस्तुत गर्नु भयो । अन्य मुलुकहरुमा आदिवासी जनजाति महिलाहरुको खण्डीकृत तथ्याङ्कको कमी बारे ध्यान आर्कषण भएको अभिव्यक्ति समितिले दिएको छ तथा समितिले धेरै अवसरहरुमा त्यस्तो तथ्याङ्कको आवश्यकतालाई जोड दिएको छ ।

**१४.** समान्य रुपमा यो तथ्याङ्कको अभावमा यो स्पष्ट छ कि जातीय तथा लिङ्गमा आधारित भेदभावले नेपालका आदिवासी जनजातिहरुमाथि प्रभाव परेको छ । तर विशेष गरी आदिवासी जनजाति समुदायका महिलाहरुमाथि बढी प्रभाव परेको छ । पञ्चायत अवस्थामा एक राष्ट्र, एक भाषा तथा एक धर्म लादेको हुनाले आदिवासी जनजाति महिलामा बढी भार थुपरिएको हो । त्यस्तो भेदभावपूर्ण व्यवहारहरु केही वर्ष भित्रमा निर्मुल गर्न सकिंदैन तथा नेपालमा आदिवासी जनजाति महिलाहरुको भलाइको सम्बन्धमा चिरकालीन प्रभाव केही वर्षहरुमा हुन सक्दैन । २०११ ताका नेपालको विश्वव्यापी आवधिक पुनरावलोकन समयमा अर्जिटिनाद्वारा संकेत गरिए अनुसार नेपालले लिङ्ग, जात, वर्ग, जातीय समूह, अपाङ्गपन वा भौगोलिक अवस्थाको आधारमा सामाजिक बहिष्करण तथा भेदभाव हटाउन लगातार प्रयासरत रहनुपर्छ । नागरिक, राजनीतिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुलाई मान्यता दिन निश्चित गर्न अलग्याएर होइन तर यी भेदभावको विभिन्न स्वरुपहरु माझका सम्बन्ध पहिचान गर्नुपर्छ ।

**सिफारिस**

१५. नेपालका आदिवासी जनजातिहरुलाई पहिचान दिलाउन हाल सरकारले स्वीकृत सूचीबाट बहिष्कृत (हेर्नोस अनुसूची क) गरिएका नेपालका आदिवासी जनजातिहरुलाई स्व पहिचानको सिद्धान्तलाई ध्यानमा राख्दै ।

**१६**. राष्ट्रिय आदिवासी जनजाति आयोगको स्थापनाद्वारा जसलाई केही निश्चित समूहबाट महिलाहरु विरुद्ध भेदभावको विविध स्वरुप तथा जातको आधारमा भेदभावको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सवै व्यवस्थाहरु पत्ता लगाउने तथा सुधार गर्ने उद्देश्यको कार्यसंगै राष्ट्रिय कानूनहरुको सरसर्ती अवलोकन गर्ने कार्य गर्ने । त्यस्तो कानुन सुधार गर्दा कमसेकम, जसले आदिवासी जनजातिको भूमिमाथि हकअधिकार स्वीकार नगरेको तथा परम्परागत जीविकोपार्जनमा बन्देज लगाउने कानुन समावेश हुनुपर्छ । अनुच्छेद १२ (भूमि कानुन) तथा ४७ (जीविकोपार्जन) ।

**१७**. यसको अतिरिक्त, आदिवासी जनजाती वा राष्ट्रियताको वर्गीकरणद्वारा खण्डीकृत गरिएको छ भने नेपालले नेपालमा संकलन गरेको तथ्याङ्क निश्चित गर्नुपर्छ तथा आदिवासी जनजातिहरुको अवस्थाको सही जनकारीको प्रर्वद्धन गर्न र लैङ्गिक संवेदनशील कार्यक्रम र उपयुक्त विकास गर्न स्वः पहिचानको मापदण्डलाई ध्यानमा राखी लिङ्गको सम्बन्धको प्रकरण/सम्बन्धलाई ध्यान दिनु पर्दछ ।

**महिला विरुद्ध भेदभाव उन्मूलन महासन्धि (सिड) मा आदिवासी जनजाति महिलाहरुको अधिकारहरु**

**भूमि तथा श्रोतहरुमाथि स्वामित्व तथा पहुँचको कमी/घाटा**

**१८**. अन्तर्राष्ट्रिय कानुनहरुमा आदिवासी जनजातिहरुको भूमि र प्रकृतिसँगको सम्बन्धको साथै आदिवासी जनजातिहरु आफ्नो स्थानको बारे पहिचान गर्नको लागि सक्षम भएको स्विकार गरिएको छ । आदिवासी जनजातिहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसघीय घोषणपत्रमा समेत आदिवासी जनजातिहरुको ऐतिहासिक भूमिमाथिको अधिकारको बारेमा व्यवस्था गरेको छ । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको प्रतिज्ञापत्र (सिईएससिआर)ले परम्परागत भूमि, भू-भाग तथा श्रोतहरुको संरक्षित अधिकारहरु साथै परम्परागत भूमिमाथिको हकअधिकारको व्यवस्था तथा आदिवासी जनजातिहरुको जीवन पद्दति तथा साँस्कृतिक अधिकारको समेत व्यवस्था गरेको छ । विशिष्ट तथा संगठित सांस्किृतिक समूहको रुपमा त्यस्तो सम्बद्ध आदिवासी जनजातिलाई उनीहरुको सम्बन्ध भएको भूमि, श्रोतहरुबाट जबर्जस्ती छुटाइएमा वा त्यसको पहुँचबाट छुटाइए, टाढा पारिएमा प्रत्यक्ष खतरा भएको मानिने छ ।

मानवअधिकारको अन्तर अमेरिकी अदालतले सन् २००५ मा उल्लेख गरे अनुसार आदिवासी जनजातिको संस्कृति विशिष्ट किसिमको अस्तित्व, संसार हेर्ने, कार्यहरु प्रस्तुति गर्ने, परम्परागत भू-भागहरु तथा श्रोतहरुसँगको अधीनको सम्बन्धको आधारमा विकसित जीवनयापनका प्रमुख श्रोतहरुको कारणले होइन तथा उनीहरुको त्यो विश्व दृष्टिकोणको एक भाग हो, उनीहरुको धार्मिकता हो तथा त्यसकारण उनीहरुको साँस्कृतिक पहिचानसँग सम्बन्ध राख्दछ । जातीय भेदभाव उन्मूलन महासन्धि (सर्ड) ले पनि आदिवासी जनजातिहरुको जीवनयापनको लागि आदिवासी भूमि अधिकारको केन्द्रीकृत विषयलाई मान्यता दिएको छ । अत्यावश्यक कार्य, चाँडै खवरदारी र कार्यविधिको प्रयोगको लागि आदिवासीको भूमिमाथिको हस्तक्षेपद्वारा एक कसीको रुपमा रहेको छ ।

१९. महिलाहरुको आर्थिक संस्किृतिकरणको लागि भूमिमा पहुँचको महत्वलाई एउटा औजारको रुपमा समितिले मान्यता  र जोड दिएको छ । महिला तथा पुरुषको लागि हरण भएको स्वरुप, उनीहरुको भूमि तथा स्रोतहरुको व्यवस्थापन तथा प्रयोग गर्ने भिन्न भिन्न भूमिका अनुसार फरक फरक हुन्छ । महिलाहरुको लागि वन पैदावर वस्तुहरु, भूमि, खोरिया खेती, कृषि भूमि तथा उनीहरुको परिवारको जीवनयापनको सबै श्रोतहरु हरण भएको कुरा धेरै घातक तथा क्षतिपूर्ण हुन सक्छ ।

२०. ठुला आयोजना तथा सम्बद्ध निर्माण, बसाइसराइ तथा सामाजिक, आर्थिक तथा सांस्कृतिक प्रभावहरु जुन त्यस्ता आयोजना समावेश छन, त्यस्ताले थप समस्याहरु सृजना गर्दछन् । ठुला तहका आयोजना विकाससँग संलग्न अन्य व्यक्तिहरु तथा निर्माण कामदारहरुको ठुलो संरक्षण आगमनमा महिलाहरु सजिलै प्रभावित हुनेछन् । अझै कुरा विश्वभरिका प्रमाणले प्रदर्शन गर्दछ कि, समितिको उदाहरणार्थ भारतको एउटा मुद्धामा महिलाहरु माथि भएको विशेष प्रभावको गम्भीर प्रकृति तथा विशेष गरी त्यस्ता ठूला आयोजनाहरुको आदिवासी र ग्रामीण महिलाहरुको असरबारे पहिचान गरेको छ । महिलाहरुको मानवअधिकार हनन तथा उनीहरुको विस्थापन विरुद्ध सुरक्षा राज्यले गर्नुपर्ने पनि जोड दिन्छ । आदिवासी जनजाति महिलाहरुको लागि मानवअधिकार सभाले सामूहिक रुपमा उनीहरुको संस्कृति प्रयोग गर्नु र भूमि तथा श्रोतहरुमा उनीहरुको सम्बन्ध कायम राख्नु जसमा उनीहरुको समुदाय वा जनजातिहरुको इच्छा, सामूहिक रुपमा अभिव्यक्त भएको एक अंगको रुपमा उनीहरुको जग्गा (को त्यस्तो) प्रयोगको अधिकार समावेश गर्नु पर्ने सन्दर्भ दिइन्छ ।

२१.नेपालमा आज वृहत बाटोहरु छन्, जसमा आदिवासी जनजाति महिलाहरुले उनीहरुको भूमि तथा स्रोतहरु प्रतिको महत्वपूर्ण यी सम्बन्धहरु गुमाइरहेका छन् । तथा यसको परिणाम उनीहरुले सरकारद्वारा प्रायोजित कार्यक्रमहरुमा विद्युत आयोजनाहरुको संवर्द्धन तथा आरक्षित र संरक्षित क्षेत्रहरुको वृद्धिसम्बन्धी असमानुपातिक समस्याहरुबाट पीडित भएका छन् ।  काठमाडौं उपत्यकाबाट टाढा रहेका आदिवासी जनजातिहरुहरुको भूमिमा नहर निर्माण र पूर्वाधार परियोजना जस्तै अरुण विद्युत परियोजना तथा तमोर विद्युत परियोजना निर्माण गरिन्छ । त्यस्तै प्रकारले नेपालको दूरदराज अविकसित क्षेत्रहरुमा राष्ट्रिय निकुन्जहरुको संरक्षण र घोषणाहरु प्रर्वद्धन असमानुपातिक ढंगले घोषणा गरिएका छन् ।  जहाँ आदिवासी जनजाति बसोवास गर्दछन् । यी निकुञ्जहरु हाल समावेश भएका रारा शे-फोक्सुन्डो, बर्दिया, चितवन, लाङ्टाङ, सगरमाथा, मकालु, वरुण हुन् ।

२२ भूमिको औपचारिक हकअधिकार पुरुषको नाममा तथा सार्वजानिक भूमिको स्वामित्व लोग्ने मानिसको आरक्षणको नियम र आधारभूत पक्षपात व्यक्तिप्रति सामूहिक हकअधिकारको बारेमा दूवै आदिवासी जनजातिको नकारात्मक रुपले प्रभाव पार्ने एकै खाले निर्णयको बारेमा ऐतिहासिक लैङिगक विचारको कारण भूमि तथा श्रोत स्वामित्वलाई लिङ्ग तथा भूमि हकअधिकारको व्यवस्थाको विषयले एकैनासे तरिकाले प्रभाव पारेको छ । पुरुषलाई घरको मुली मान्दै औपचारिक संस्थागत प्रबन्धहरुले व्यवस्था गर्ने हुनाले पुनर्वासले अझ बढी लैङ्गिक असमानताको उचाइ बढाएको छ । आवास विकास र शहरीकरणले शहरको नजिक काठमाडौं नजिकको क्षेत्रहरुमा धेरै पुरुष घरमुलीहरु भूमि सस्तो मूल्यमा

विक्री गरिरहेका छन् र महिलाहरुले भूमि माथिको अधिकारको नियन्त्रण गुमाउँदैछन् र उनीहरुको जीविकोपार्जन समेत पुरुषहरुको नाममा रहने हुनाले भूमि विक्रीबाट प्राप्त रकममा महिलाहरुलाई संयुक्त हक कायम हुँदैन, यस्तो विषयको संकेत जितपुर-फेदी, नेपालटार तथा सितापाइलामा पाइन्छ ।

काठमाडौं नजीकका क्षेत्रहरुमा तीव्रगतिमा शहरको बृद्धिसँगै आवास विकासको निम्ति जग्गाको मूल्य ....

२३. महिलाहरुको भूमिमा पहुँचको विषयमा भेदभाव विरुद्ध विशेष गरी सम्बोधन गर्न समितिले पहिले नै नेपालको लागि आवश्यकताको बारेमा कुरा उठाइसकेको छ। नेपाल राज्यको प्रतिवेदनमा प्रदर्शित गरिए अनुसार भूमि स्वामित्व र हकदारमा सबै कानुनहरु महिलाहरु र पुरुषहरुबीच कानुनी असमानतालाई सम्बोधन गर्न केही प्रशासनिक कार्यहरु चालिएका छन् । महासन्धिको धारा ४ अनुसार राज्यले महिलाहरुको लागि जग्गा दर्ता शुल्क घटाउने नीति अवलम्बन गरेको छ । पुरुषहरुलाई लागु हुने शुल्कको ७५ प्रतिशतमा कायम गरिएको छ । तापनि यो नीतिले नेपालमा आदिवासी जनजाति महिलाहरुसम्म पुग्ने आवश्यक कार्य सञ्चालन, आदिवासी जनजाति महिलाहरुमाझ त्यस्तो प्रवर्तनहरुको ज्ञान र चेतनाको कमीको कारणले पुग्न सकिराखेको छैन ।

२४. नेपालको वर्तमान भूमिमाथि पँहुच तथा भूमि हक अधिकारको सुधारहरु ध्यानपूर्वक बनाउने निश्चय गर्नु पर्छ ताकि महिलाहरुको भूमि तथा स्रोतमाथिको पँहुच तथा व्यवस्थापनको अधिकार प्रतिबन्धित र अस्वीकृत नहुने गरी निश्चित होस् । यसमा जहाँ उपयुक्त हुन्छ, आदिवासी जनजातिहरुको सामूहिक अधिकार, साँस्कृतिक सम्बन्ध, भूमिमा अधिकार कायम राख्ने तथा स्रोतहरुमा स्वामित्व तथा व्यवस्था कायम राख्न मान्यता समावेश हुन्छ ।

२५. आदिवासी जनजातिहरुको अधिकारलाई वास्ता नगरी भूमि, सिमाङकन सुरुसँगै भूमि स्वामित्व दिने प्रक्रिया समाप्त नभएको वा भएको ठाउँमा पनि आदिवासीहरुको अधिकारलाई सम्मान गरिएको छैन भने नेपालले अरु व्यवस्थापकीय उपायहरु विकास गरी आदिवासी जनजातिहरुको भूमिमाथिको अधिकारलाई मान्यता दिएको सुनिश्चत गर्नु पर्दछ । अझ बढी आदिवासी जनजातिहरुको सहमतिबिना लिएका भूमि, जसमा क्षतिपूति दिने सवालमा लैङ्गिक असमानतालाई उठाइएको छैन । त्यस्तोमा आदिवासी जनजातिहरुको अधिकार हेर्ने संयुक्त राष्ट्र संघको समाधिक्षकले सिफारिस गरे बमोजिम आदिवासी पुरुष र महिलाहरुको व्यक्तिगत र आदिवासी जनजातिहरुको सामूहिक अधिकारलाई पूर्ण स्थापित गर्न अनिवार्य रुपमा एउटा संयन्त्र बनाउनु पर्दछ ।

२६. आदिवासीहरुको भूमिमा गरिएका ठुला परियोजनाद्वारा सृजित समस्याको सम्बोधनको लाीग आदिवासी जनजातिहारुसँग अग्रिम सुसूचित स्वतन्त्र सहमति लिएर मात्र स्वीकृति दिइनु पर्दछ । जब सहमति लिइन्छ, सरकारले पुनर्वास र क्षतिपूर्ति खासगरी प्राकृतिक स्रोत दोहन गर्ने उद्योग, जलविद्युत वा सार्वजनिक सरोकार राख्ने ठुला स्तरका परियोजनाहरुमा आदिवासी जनजाति पुरुष तथा महिलालाई

उपयुक्त हुने क्षतिपूर्तिको निर्देशिका बनाउनु पर्दछ  र जात तथा जातिहरुले असमान लाभ साझेदारी नहुने कुरालाई सुनिश्चित गरिनु पर्दछ ।

**राजनीतिक तथा सामाजिक जीवनमा सहभागिता हुन पाउने अधिकारको इन्कारी**

२७. सिडले महिलाको सहभागिता अन्तर्गत चुनाव तथा चुनिने विषयलाई मात्र समेट्दैन, यस अर्न्तगत सरकारी नीति निर्माण, कार्यान्वयन र अझ बढी राज्यको सार्वजनिक जीवनमा गैरसरकारी संस्थाहरुको माध्यमबाट सहभागितालाई पनि संरक्षित गर्दछ । आदिवासी जनजातिहरुको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणपत्रले आदिवासी जनजातिहरुलाई प्रभावित बनाउने निर्णय निर्माण प्रक्रियामा मौलिक प्रक्रिया बमोजिम स्वतन्त्र रुपमा छानेका प्रतिनिधिहरुको माध्यमबाट सहभागिता हुन पाउने अधिकारको प्रत्याभूति गरेको छ । यसको साथै आफ्नो निर्णय गर्ने संस्थाहरुको विकासलाई पनि कायम तथा विकास गर्ने अधिकार प्रदान गरेको छ । घोषणपत्रले आदिवासी जनजाति महिलाहरुको अधिकारको पूर्ण सम्मानको कुरा गरेको कारण आदिवासी जनजाति महिलाहरु समूहको आधारमा बाह्य तथा आन्तरिक राजनीतिमा भाग लिने अधिकार राख्दछन्  ।

२८. राजतन्त्रको समाप्ति पछि लिइएका सरकारी नीतिहरुले विगतका सरकारी संरचनाले धेरै जनताको आवश्यकता र आदिवासी जनजातिको मात्र नभई महिला, दलित, अपाङ्ग र पछाडि परेको समुदायको बहिष्करणलाई सम्बोधन गर्न असफल भएको कुरालाई आत्मसात् गरेको छ । जातीय आधारमा केन्द्रीकृत राजतन्त्रले विगतमा नेपाली समाजमा बहिष्करण गरेकाहरुको समानुपातिक सहभागिताको बारेमा अन्तरिम संविधानले व्यवस्था गरेको छ ।

२९. राजनीति, शिक्षामा पहुँचको मौका, स्वास्थ्य सेवा र रोजगारीमा बहिष्करणका आधारभूत कारण सम्बोधन गर्ने कार्यलाई सशक्त बनाउने सहयोग गर्न अन्तरिम संविधानले सकारात्मक भूमिका निर्वाह गर्न सक्दछ । स्थानीय निकायहरुको संरचनामा आदिवासी जनजाति महिला वा राजनीतिक रुपमा सीमान्तीकृत समुदायको अनिवार्य सहभागिता स्थानीय स्वायत्त शासन ऐन २०५५ को व्यवस्थाले स्थानीय आदिवासी व्यक्तिको सहभागितालाई व्यवस्थापकीय रुपमा प्रोत्साहन गर्न प्रयास गरेको छ । तर यो कोटामा बन्देजको व्यवस्था ऐनको दफा ३२ ले गरेको छ । यस्ता व्यवस्थाले आदिवासी जनजातिहरुको जीवन सुधार गर्ने आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको स्थापना समेत गरेको छ । निजामती सेवा ऐनमा गरेको संशोधनले महिलालाई ३३ प्रतिशत, आदिवासीलाई २७ प्रतिशत, मधेसीलाई २२ प्रतिशत, दलितलाई ९ प्रतिशत, अपाङ्गलाई ५ प्रतिशत र पिछडिएकालाई ४ प्रतिशत कोटा छुट्टाइएको छ । यो आर्थिक र सामाजिक रुपमा पछाडि परेको कारण छुट्टाइएको हो ।

**नेपालमा आदिवासी जनजाति महिलाहरुको अधिकारः-  गैरसरकारी संस्थाबाट सिडमा पेश गरिएको**

३०)  नेपालमा हाल विद्यमान विभिन्न तहगत विभेदहरुलाई मान्यता दिएको देख्न सकिन्छ र यस प्रकारको विभेदको परिणाम आदिवासी जनजाति महिला तथा अन्य महिलाहरु दुवैलाई अत्यन्तै न्यून राजनीतिक सहभागितातर्फ अग्रसर गराएको छ । असरको रुपमा  यस अवस्थाको परिवर्तन गर्ने

प्रयासहरु देख्न सकिन्छ । नेपालमा संविधानसभा हालको सर्वोच्च निर्णय गर्ने अंग हो जसको काम धर्म निरपेक्ष गणतन्त्र नेपालको संविधान बनाउनु रहेको छ । संविधानसभामा ६०१ जना सदस्यहरु छन् जस -मध्ये १९७ जना महिलाहरु रहेका छन् जुन कुल संविधानसभाका सदस्य संख्याको ३२ % बन्न आउँछ । यस मध्ये ७० जना आदिवासी जनजाति महिलाहरु रहेका छन् जसले नयाँ गणतन्त्र नेपालमा आदिवासी जनजाति महिलाहरुको सहभागिता बढेको देखाउँदछ ।

**३१**) यी संख्यात्मक उपलब्धिका बावजुद, कोटा प्रणाली तथा आदिवासी महिलाहरुसम्बन्धी सरकारी नीतिहरुमा महत्वपूर्ण समस्याहरु रहेका छन् । केही महत्वपूर्ण समस्याहरुमा आदिवासी जनजाति महिलाहरुको राजनीतिक सहभागिताको सन्दर्भमा सामूहिक प्रतिनिधित्वको सम्मान नगर्नु, जसले विभिन्न मानवअधिकारका निकायहरुले औंल्याइसकेका छन् । युएनड्रीपको धारा १८ अनुसार आदिवासी जनजातिहरुलाई आफ्नै प्रक्रिया बमोजिम छानिएका प्रतिनिधिमार्फत राजनीतिक सहभागिताको अधिकार रहन्छ । यस प्रक्रियाबाट छानिएका प्रतिनिधिमार्फत भावी संविधानमा सहभागी हुनबाट अदिवासी जनजातिहरुलाई बञ्चित गरिएको छ । संविधानसभाका सबै सदस्यहरु राजनीतिक पार्टीहरुले छानेका कारण कानुनतः सम्बन्धित राजनीतिक पार्टीका घोषणापत्र अनुरुप बाँधिएका छन् । १२ फेब्रुवरी २००९ मा आदिवासी जनजाति तथा उनीहरुका प्रतिनिधिमूलक संस्थाहरुले संविधान निर्माण प्रकियामा मौलिक प्रतिनिधिमूलक संस्था र प्रकिया बमोजिम सहभागी हुनबाट बञ्चित गरी संविधान र नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय कानुनहरु, जसलाई नेपालको अन्तरिम संविधान, २०६३ र नेपाल सन्धि ऐन, २०४७ ले आत्मसात् गरेको व्यवस्थाको उल्लङ्घन भएको भनी रिट निवेदन दायर गरेका छन् । तत्काल निर्णय गर्नुपर्ने विषय भएको बाबजुद पनि सर्वोच्च अदालतले हालसम्म सुनुवाइमा ढिलाइ गरी आएको छ ।

**३२**) यस परिस्थितिमा राजनीतिक पार्टीहरुको घोषणापत्रले आदिवासी जनजाति तथा आदिवासी जनजाति महिलाहरुको अधिकारलाई प्रर्बद्धन गर्दैन, आदिवासी जनजातिहरुको सामूहिक प्रतिनिधित्व प्राप्त गर्न कठिन भइरहेको छ । उदाहरणको निम्ति संविधानसभा महिला ककसमा आदिवासी जनजाति महिलाको प्रतिनिधित्वको बाबजुद संविधानसभाका विषयगत समितिहरुले आदिवासी जनजाति महिलाहरुका सवाल, सरोकार र अधिकारलाई समेटेको छैन । महिला ककसले कानुनमा व्यवस्था भएबमोजिम निश्चित समूहका महिलाहरुको संरक्षणका लागि विशेष व्यवस्था गर्नुपर्ने सिफारिस गरेको छ । तर आदिवासी जनजाति महिलाका सन्दर्भमा नगन्य उल्लेख भएको देखिन्छ, समग्रमा महिलाका समानतालाई अत्यधिक ध्यान केन्द्रित गरिएको छ र विशेष अवस्थाका महिलाका बारेका कुनै कुरा उठाइएको छैन । यदि आदिवासी जनजाति महिलाहरुले भोगिरहेका विकराल चुनौतीहरुलाई सम्बोधन गर्ने हो भने आदिवासी जनजातिको मानवअधिकार हेर्ने विशेष समाधिक्षकले सिफारिस गरे जस्तै आदिवासी जनजातिको सक्रिय राजनीतिक सहभागिता हुनु पर्दछ जसमा आदिवासी जनजाति महिलाको पनि संस्थागत सहभागिता अनिवार्य रहन्छ ।

**३३**) नेपालमा आदिवासी जनजाति महिलाहरुको राजनीतिक तथा सार्वजनिक जीवनका सबै तहमा अनिवार्य सहभागिता हुनु पर्दछ भनी सी. इ. एस. सी. आर. ले यसलाई समर्थन गरेको छ । सबै प्रकारको निर्णय निर्माण प्रकियाहरुका साथै संविधान मस्यौदा निर्माण प्रक्रियामा आदिवासी जनजाति

तथा आदिवासी जनजाति महिलाहरुको संलग्नता अनिवार्य छ । नेपालमा स्थानीय निकायहरु गा.वि.स., न.पा. र जि.वि.स.हरुका समिति सदस्य संख्या ६ जनामा  कोटा प्रणाली अन्तर्गत आर्थिक रुपले पछाडि परेका आदिवासी जनजाति महिलाबाट उपसभापति भन्दा तल रहने गरी  १ जना सदस्य नियुक्त गर्ने व्यवस्था छ । हालसम्म आदिवासी जनजाति वा दलितको समानुपातिक प्रतिनिधिन्व सुनिश्चित गर्न आवश्यक छ ।

**सिफारिस**

**३४.** आदिवासी जनजातिको आत्मानिर्णयको अधिकारको मान्यता दिँदै स्वतन्त्र रुपले छाएिको आदिवासी जनजाति महिलाहरुको प्रतिनिधित्व संविधान निर्माण प्रक्रियामा अनिवार्य प्रदान गरिनु पर्छ ।

**३५.** आदिवासी जनजाति महिलाहरुको अधिकारको सम्मान गर्न राजनीतिक र सार्वजनिक क्षेत्रमा आदिवासी जनजाति महिलाकै रुपमा प्रभावकारी सहभागिता प्रदान गर्ने । यस अर्न्तगत, आदिवासी जनजातिहरुको आत्मनिर्णयको अधिकारको पूर्ण सम्मानको लागि आफ्नो परम्परागत वा स्वतन्त्र रुपले छानिएको सांगठानिक संरचनाको माध्यमद्वारा, राष्ट्रिय राजनीतिमा भाग लिन सक्नेछन् ।

**३६.** आवश्यक भए अनुसार वा सीमान्तीकृत समूहहरुको आरक्षण प्रणालीको प्रयोग गर्दा अनिवार्य रुपमा समानुपातिक समावेशी गर्नुपर्ने ।

**३७.** परम्परागत भाषा प्रयोग र सांस्कृतिक परम्पराको अभ्यास गर्न इन्कारी गरिएबाट हुने विभेद (धारा २ र १०)

माथि वर्णन गरिए जस्तै, हिन्दू राजतन्त्रात्मक व्यवस्थाबाट लादिएको जाति विभाजन (वर्णभेद) नीति अन्तर्गत आदिवासी जनजातिहरु पर्दैनन् । जातिभेद व्यवस्थामा रहेको पितृसत्तात्मक भन्दा आदिवासी जनजाति महिलाहरुले धेरै सांस्कृतिक स्वतन्त्रता उपयोग गर्न सक्छन् । आदिवासी जनजाति महिलाहरु आफूलाई मन परेको संस्कृति, चाडपर्व र उत्सवहरुमा स्वतन्त्रतापूर्वक सहभागी हुन्छन्, नाचगान र स्वतन्त्र रुपमा मन परेको जीवनसाथी पनि छान्छन् । त्यस्तै दाइजो प्रथाबाट उनीहरु कमै पीडित छन् । पतिको मृत्यु पश्चात् अन्य समुदायका महिला जस्तो विधवा जीवन बिताउन पर्दैन । न त रजस्वला हुँदाको बन्देज वा छाउपडी प्रथा नै भोग्नु पर्छ । यी राम्रा कुराहरुको बाबजुद मूल प्रभावको सांस्कृतिक दमनको कारण आदिवासी जनजाति संस्कृतिलाई बेवास्ता वा कडा विभेद र आदिवासी जनजातिहरुको संस्कृतिलाई कानुन वा व्यवहारमा हीनताबोध गराइएको छ ।

**भाषा तथा शिक्षा**

**३८.** अन्तरिम संविधान २०६३ ले अघिल्लो संविधानहरुले खस नेपाली भाषालाई राष्ट्र भाषाको रुपमा लाद्ने कार्यलाई अन्यायर्पूण भनेको हुनाले नेपालमा बोलिने सबै भाषाहरु राष्ट्र भाषाको रुपमा मान्यता दिएको छ । अझ अगाडि स्थानीय निकाय तथा कार्यालयमा मातृभाषाको रुपमा बोलिने भाषाको प्रयोगमा बन्देज नलगाइने व्यवस्था गरेको छ । यो सकारात्मक भए तापनि लामो समय आदिवासी

जनजातिहरुको भाषाहरुलाई सीमान्तीकरण गरेको कुरालाई सकारात्मक प्रवर्द्धन तथा अन्तरिम संविधानले खस नेपाली भाषा प्रयोग गर्ने कानुन खास गरी सर्वोच्च अदालतको निर्णयलाई उल्टाउने महत्वपूर्ण विषयलाई सम्बोधन गरेको छैन । संविधान निर्माण प्रक्रियामा खस नेपाली भाषाको प्रयोगले आदिवासी जनजाति महिलाको प्रभावकारी सहभागितालाई अत्यन्त सीमित पारेको छ ।

३९. नेपालको स्थापना काल देखि नै खस नेपाली भाषा सरकारी कामकाजको भाषा रहिआएको छ सन् २००८ को सर्वोच्च अदालतको फैसलाले स्थानीय निकायहरुले व्यवहारलाई हेरेर दुर्गममा बस्ने खास गरी आदिवासी जनजाति महिला लगायतको पहुँचलाई बढाउन गरेको निर्णयलाई खारेज गरी दिएको छ । सर्वोच्च अदालतको फैसला संविधानको प्रावधानमा आधारित थियो । फैसलामा भनिएको छ, "नेपाली भाषाका स्तरमा अन्य भाषा समान हुन सक्दैन । त्यसकारण स्थानीय भाषा प्रयोग गर्ने निर्णय गैर संवैधानिक र कायम रहन सक्दैन । अन्तरिम संविधान, २०६३ ले खस नेपाली भाषाको सरकारी भाषाको रुपमा नै परिभाषालाई कायम राखेको छ । नयाँ अन्तरिम संविधानमा, आदिवासी जनजातिहरुको भाषा सरकारी सेवामा प्रयोग गर्नु कानुन विपरीत हुने व्यवस्था गरेको देखिन्छ ।

४०. महासन्धिको धारा १० विपरीत, त्यस प्रकारको भाषा प्रयोगलाई बन्देज गर्नु आदिवासी जनजाति महिलाहरुलाई शिक्षाको पहुँचबाट इन्कार गर्नु हो । यस प्रकारको बन्देज, अन्तर्राष्ट्रिय कानुन तथा निकायहरुद्वारा प्रत्याभूत आदिवासी जनजातिहरुको निरन्तर उपभोग गर्न पाउने सांस्कृतिक अधिकारको इन्कारी हो । आदिवासी जनजातिहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रले वृहत् अधिकार प्रदान गरेको छ । यसको प्राप्तिको लागि नेपालको सन्दर्भमा आदिवासी जनजातिहरुको अधिकार हेर्ने समाधिक्षकले आदिवासी जनजातिहरुको सांस्कृतिक सम्पदा जस अन्तर्गत भाषा, परम्परागत जडीबुटी, उपचार पद्दति, धार्मिक तथा आध्यात्मिक क्षेत्र, परम्परा र चाडपर्वको विकास, संरक्षण र प्रवर्द्धनका उदेश्य राखी राष्ट्रिय योजना बनाउन पर्ने सिफारिस गरेको छ । जसमा सरकारका सबै सम्बन्धित मन्त्रालय र आदिवासी जनजातिहरुको सहभागिता रहन पर्दछ । समाधिक्षकले सबै भाषाहरुलाई समान संरक्षण, विद्यमान दुईभाषा नीतिले आदिवासी जनजातिहरुको भाषालाई पुनर्जीवित गर्न प्राथमिकता दिनपर्ने, जसका लागि आवश्यकीय सबै मानवीय र आर्थिक स्रोतहरु उपलब्ध गराउदै यस्ता योजनाहरुको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने कुरा सिफारिसमा सम्बोधन गर्नुभएको छ ।

४१. समान्यतया नेपालको शिक्षा प्रणालीमा महिलाहरुको सहभागिता न्यून छ । तर यसमा वृद्धि पनि भइरहेको छ । गत सन् २००१ को जनगणनाले पुरुषको साक्षरता दर ५४ प्रतिशत महिलाको २४ प्रतिशत देखाएकोले यसमा ठुलो खाडल रहेको देखिन्छ । तर, २००४ को सरकारी तथ्याङ्क अनुसार कुल राष्ट्रिय साक्षरता दर ५६ प्रतिशत, पुरुष ६० प्रतिशत र महिला ४४ प्रतिशत रहेकोले अवस्थामा विस्तारै सुधारोन्मुख देखिन्छ । तर भाषा पढाइको माध्यम खस नेपाली भएकोले आदिवासी जनजाति महिलाहरुको सबै तहहरुको शिक्षामा सहभागिता अत्यन्त कठिन बनाएको छ । सिडले सञ्चारको रणनीति बनाउँदा बहुभाषिक समुदायलाई खास गरी महिलालाई अनिवार्य ध्यान दिनु पर्ने उल्लेख गरेको

छ । आदिवासी जनजातिहरुमा त महिलाहरु झनै कम राष्ट्रिय भाषा बोल्ने भएको कारण पनि यसलाई महत्वपूर्ण रुपले ध्यान दिन पर्छ ।

**सिफारिस**

४२. बहुसंख्यक आदिवासी जनजाति विद्यालयमा सिकाइको माध्यम भाषामा आदिवासी जनजाति मातृभाषालाई मान्यता दिने कुरा सुनिश्चित गर्नुपर्छ । र दुई भाषिक नीति आदिवासी जनजाति बालबालिकाहरुको साक्षरता वृद्धि गर्ने गरी बनाइनु पर्दछ ।

४३. न्याय प्रणाली सार्वजानिक स्वास्थ्य, शिक्षा र राज्य सञ्चारको सबै क्षेत्रमा विस्तारित हुनेगरी नेपालको ऐन कानुनहरुले आदिवासी जनजातिको भाषालाई व्यापक समानता प्रदान गर्नु पर्ने सिफारिस गर्नुपर्छ ।

**आदिवासी जनजातिहरुको साँस्कृतिक प्रथाको नियमन**

४४. अन्य धर्मको तुलनामा, हिन्दू धर्ममा धेरै नियम र संरचनाहरु रहेका छन् जसले हिन्दु धर्मावलम्बीहरुलाई के गर्न हुने र के गर्न नहुने भन्ने कुरा गरेको हुन्छ । नेपालमा हिन्दू धर्मलाई राष्ट्रिय धर्मको रुपमा मान्यता दिइयो भने सोही धर्मको नियम र संरचनाहरुलाई  राष्ट्रिय कानुन सरह लागु गरियो । अनि नेपालमा बसोबास गर्ने सम्पूर्ण मानिसलाई हिन्दूधर्म लादियो । जसले गर्दा यहाँका आदिवासी जनजातिहरु जोसँग आफ्नै संस्कृति, धर्म र परम्परा छ र सोही परम्परा र धर्म अनुसार उनीहरुले परम्परादेखि नै चौपाया (गाई, गोरु भैसी  आदि) काटी मासु खाने चलन थियो, त्यसमा प्रतिबन्ध लगाइयो । गाईलाई नेपालको संविधान र राष्ट्रिय कानुनहरुमा संरक्षण गरिएको छ । नेपालका धेरै आदिवासी जनजातिको परम्परानुसार चौपाया मार्नु छुट छ भने उनीहरुको संस्कृति र प्रथामा गाई लगायत अन्य चौपायाको मासु एक महत्वपूर्ण आहारा वा भोजनको रुपमा रहेको छ । साथै, केही आदिवासी जनजातिहरु, जस्तै, लिम्बू, तामाङ र राईहरुको कतिपय परम्परामा गाईको मासु अनिवार्य रुपमा चाहिन्छ । गौवध गर्न वा चौपाया मार्न प्रतिबन्ध लगाइने कानुनी प्रावधान आदिवासी जनजातिहरुको निम्ति विभेदकारी छ । त्यसमा पनि विशेषत मासुको परिकारहरु बनाई परम्परा धानी राख्ने आदिवासी जनजाति महिलाहरु बढी मारमा परेका छन् । उनीहरुको परम्परागत कामलाई आपराधिक काममा परिवर्तन गरिएको छ भने, कतिपय महिलाहरु परम्परागत क्रियाकलाप गरेकै कारण जेलमा परेका छन् ।

४५. नेपाललाई धर्म निरपेक्ष राष्ट्र घोषण गरिसकेपछि पनि सर्वोच्च अदालतलाई चुनौती दिँदै, गाईलाई संरक्षण दिने कामको निरन्तरता भइरहेको छ । सर्वोच्च अदालतले विभेदकारी नीतिलाई खारेज गरी पछिल्लो संशोधित मुलुकी ऐनको अनुसार चौपाया वध गर्न पाउने प्रथाको पक्षमा फैसला गरेको छ । सर्वोच्च अदालतले गरेको फैसलामा भनेको छ, “गाई हिन्दू धर्मको प्रतीक मात्र नभएर, अन्तरिम संविधान अनुसार गाईलाई राष्ट्रिय जनावरको रुप समेत दिइएको छ । सो प्रावधानहरु धर्म निरपेक्ष राष्ट्रको कानुनी प्रावधानसँग मेल खाँदैन । त्यस्ता जनावरहरु प्रति गरिने कुनै पनि व्यवहारहरुलाई

अपराधको संज्ञा दिइएको छ । त्यसैले मुलुकी ऐनको सो जनावर सम्बन्धी प्रावधानले आदिवासी जनजातिहरुको मैलिक अधिकारको हनन मात्र गर्दैन कि, यो प्रावधान धर्म निरपेक्ष राष्ट्रको मर्मको विपरीत छ । धर्म निरपेक्ष राज्यमा गाई र गोरु वध गर्ने सम्बन्धी मान्यता कुनै पनि धर्म वा समूहले दिनु हुँदैन । यदि राज्यले गाई र गोरु वध गर्नु अपराध हो भनी घोषणा गरेको खण्डमा राज्यले यसको कार्यान्वयन गर्न सक्छ र त्यो शक्ति राज्यसँग छ ।

४६. यस्तो खालको परिस्थितिले अदिवासी जनजातिहरुको प्रथा र परम्परामा हीनताबोध गराउदँछ । विशेष गरी यस्तो अवस्थाले अदिवासी जनजाति महिलाहरुमाथि नकारात्मक असर गर्दछ । उनीहरु परम्परालाई बचाई राख्ने क्रममा परम्परागत खाना तयार गर्ने जिम्मेवारी वहन गर्दा समेत कतै कानुन पो मिचिने हो कि भन्ने सोंचेर काम गर्न पर्ने अवस्था छ । मानवअधिकार परिषद्ले हालै नेपाल सम्बन्धी भएको अन्तर्राष्ट्रिय आवधिक समीक्षाको बेला, नेपालका सबै जातीय, साँस्कृतिक र भाषिक जातिहरु बीच समानता कायम गर्ने खालको कानुनी प्रावधानहरु बनाउन नेपालले जोडतोडका साथ लाग्नु जरुरी भएको सुझाव दिएको थियो । जबसम्म कानुनद्वारा धर्ममा समानता ल्याइँदैन, संविधानमा भएका विभेदकारी प्रावधानहरु जसले धार्मिक मान्यतामा अपमान सृजना गर्छ तिनलाई हटाइँदैन तबसम्म नेपाली समाजमा साँस्कृतिक प्रयोगमा असमानता कायम रही नै रहन्छ । त्यसैले, हामी आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार सम्बन्धी महासन्धिले दिएको सुझावलाई दोहोऱ्याउन चाहन्छौँ । जसमा समितिले विभेद नीतिका कारण महिलामाथि भएका विविध खालका असरहरुको बारेमा टिप्पणी गर्दै, विभेदकारी प्रावधानहरु पहिचान गर्न र प्रत्यक्ष वा अप्रत्यक्ष रुपले जातको आधारमा महिलाहरु माथि भएका विविध खालका विभेदहरुलाई सच्याउन, राष्ट्रिय कानुनहरुको गहन समीक्षा गर्न सुझाव दिएको थियो ।" (यसको लागि जोड दिन चाहन्छौँ)

**सुझावहरु**

**४७. गाई र गोरुको मासु खाने प्रथालाई आपराधीकरण गर्ने कार्यले धार्मिक आस्थाबाट भएको विभेदबाट मुक्त हुने अधिकारको उल्लंघन गर्छ, त्यस मध्ये पनि विशेषतः आदिवासी जनजाति महिलाहरुमाथि नकारात्मक असर पर्छ किनभने उनीहरु आफ्नो समाजमा खानेकुरा उत्पादन गर्नका लागि जिम्मेवार रहन्छन् । चौपाया विशेषगरी गाईको मासु खाने आदिवासी जनजातिहरु नै हुन्छन् । अतः हामी समितिलाई आदिवासी जनजातिहरुको गौवध गर्ने परम्परालाई आपराधीकरण नगर्नका साथै यो सम्बन्धी कानुन संशोधन गर्न र आदिवासी जनजाति महिलाहरुको विभेदबाट मुक्त हुन पाउने अधिकारको सम्मान गर्नका लागि सुझाव दिन आग्रह गर्दछौं ।**

…………………

**रोजगारीमा विभेद** (धारा ११)

आदिवासी जनजातिहरुको परम्परागत पेसा र जीविकोपार्जनका कमी ।

४८. नेपालका धेरै आदिवासी जनजातिहरुसँग परम्परागत पेसा तथा जीविकोपार्जनको विधि रहेको पाइन्छ, जुन सांस्कृतिक रुपले विशिष्ट र अधिकांश रोजगारीको रुपमा सोही पेसा अपनाएका हुन्छन् । उदाहरणको लागि, बोटे, माझी र दनुवार क्रमशः माछा मार्ने डुङ्गा चलाउने तथा (छयाङ, रक्सी जस्ता) पेय पदार्थ बनाउने जस्ता परम्परागत पेसामा नै निर्भर हुँदै आएका छन् । ती कामहरु उनीहरुको प्रथागत पेसा पनि हो । यी कतिपय कामहरु पहिला र अहिले पनि प्रयास महिलाहरुले नै गर्दै आइरहेका छन् । हाल, आदिवासी जनजातिहरुको सांस्कृतिक तथा परम्परागत प्रथाहरुलाई बेवास्ता गरी सरकारले, छयाङ, रक्सी जस्ता पेय पदार्थ बनाउने कामलाई बन्द गर्न कानुनी प्रावधान ल्याएको छ भने बिना अनुमति नदीहरुमा माछा मार्ने तथा डुङ्गा चलाउने जस्ता काम पनि गर्न नपाउने प्रावधान बनाएको छ । त्यस्ता प्रावधानहरुले सम्बन्धित आदिवासी जनजातिहरुमा तत्कालै, प्रत्यक्ष रुपले गम्भीर नकारात्मक असरहरु परेका छन्, त्यसमा पनि विशेषतः महिलाहरुमा त्यस्तो असरहरु परेको छ, किनभने, उनीहरुको परम्परागत भूमिकालाई गैरकानुनी बनाइयो साथै कानुनी रुपले व्यवस्थित गरियो ।

४९. यस्तो कार्वाहीले त्यस्ता समुदायका महिलाहरुको आर्थिक सशक्तीकरण तथा आर्थिक रुपले विस्थापित गरिदिएको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिले विशेष गरी सन् २०१० मा नेपालको बारेमा गरेको निष्कर्ष अवलोकनको क्रममा समेत आदिवासी जनजातिहरुको परम्परागत पेशा तथ उनीहरुको सरोकारको विषयमा विशेष चासो लिएको छ । सामान्य प्रयासको अलावा रोजगार सृजना गर्ने सिलसिलामा, उनीहरुले पूर्व-कमैया, पूर्व-हलिया, दलित तथा आदिवासी जनजातिहरुको लागि, विशेष गरी महिला र यी समूहहरुको लागि विशेष कार्यक्रम ल्याउन तथा ग्रामीण क्षेत्रमा प्राथमिकताका साथ विस्तारित गर्न सुझाव दिएका थिए ।

**५०.** महिलामाथि हुने सबै खाले विभेदहरुको अन्त्य गर्ने अन्तर्राष्ट्रिय महासन्धिको, धारा ११ ले मानिसको काम गर्न पाउने अधिकारलाई अहरणीय अधिकारको रुपमा मानेको छ । आदिवासी जनजाति महिलाहरुलाई आफ्नो परम्परागत पेसाहरुबाट अलग्याउने वा त्यस्ता पेसालाई अपराधमा बदल्ने काम गरिएकोले उनीहरुमाथि आगाध चोट पुगेको छ । त्यसैले आफ्नो परम्परागत पेसा अपनाउन पाउने अधिकारको हननको उचित क्षतिपूर्तिको लागि विशेष संयन्त्र तयार गरिनु पर्छ । आदिवासी जनजाति महिलाहरुमा विशेष ध्यान दिनु पर्नेमा, स्थानीय सरकारी ऐनहरुले महिलाहरुलाई आफ्नो परम्परागत पेसा र परम्परागत जीवनशैलीबाट बञ्चित गर्ने काम भएको छ । अदिवासी जनजातिहरुको परम्परागत पेसाबाट बञ्चित गर्ने सरकारी नीति र प्रयासको मार सबभन्दा बढी महिलाहरुमा परेको छ । नेपालका आदिवासी जनजाति महिलाहरुको जस्तै अवस्था भोगेका परम्परम्परागत पेसाबाट बञ्चित भएका कोस्टारिकाका आदिवासी जनजाति महिलाहरुका र उनीहरुको परम्परागत पेसाका बारेमा विशेष ध्यान महिलामाथि हुने सबै खाले विभेदहरुको अन्त्य गर्ने अन्तर्राष्ट्रिय महासन्धि सम्बन्धी समितिले सन् २००३ मा आफ्नो निष्कर्ष अवलोकनमा टिप्पणी गरेको थियो ।

**५१. सुझाव**

कुनै विशेष परिस्थितिमा बाहेक राष्ट्रिय कानुनहरुद्वारा आदिवासी जनजातिहरुको परम्परागत तथा प्रथागत पेसामाथि बन्धन लगाउन पाइँदैन । किनकि, राष्ट्रिय कानुनहरु तर्जुमा गरी उनीहरुको परम्परागत तथा प्रथागत पेसामा बन्धन गर्नाले उनीहरुको परम्परागत वा प्रथागत पेसा र जीवनशैली दुवैमा खतरा पुऱ्याउने र पेसा परिवर्तन गराउने बाध्यात्मक परिस्थिती सृजना हुन्छ । त्यस्ता परम्परागत पेसा बन्द नगरी नहुने बाध्यात्मक परिस्थितिमा समेत परम्परागत तथा प्रथागत पेसा अवलम्बन गर्ने आदिवासी जनजाति महिलाहरुको उचित वैकल्पिक रोजगारीको सुनिश्चित हुने खालको विशेष संयन्त्र तयार गरिनुपर्छ ।

**बँधुवा मजदुर**

**५२**. कमैया (पुरुष र महिला कृषक), कम्लरी (युवा महिला घरेलु श्रमिक) आदि बँधुवा मजदुरको स्वरुप हुन् । समाजका केही व्यक्ति र परिवारहरुले उनीहरुको बाउ, बाजेलाई दिएको ऋण चुक्ता गराउनको लागि भन्दै उनीहरुको घरमा श्रम गर्नको लागि भन्दै नोकर र बँधुवा मजदुरको रुपमा राख्छन् । यस्तो खालको प्रचलन विशेषतः तराईका थारु आदिवासी जनजातिहरुमा अझै पनि व्याप्त छ । यस्तो खालको प्रचलन खास गरी सन् १९५० अर्थात् वि.सं. २००७ साल तिर केन्द्रीकृत शासन शक्ति भएका समाजका केही सभ्रान्त वर्ग थारु आदिवासी जनजातिहरुको भूमिमा आए, विस्तारै थारु आदिवासी जनजातिहरुको भूमि कब्जा गरे र उनीहरुलाई विस्थापित गरे त्यसपश्चात् यस्तो खालको प्रचलन सुरु भयो । थारु आदिवासी जनजातिहरु ती सभ्रान्त वर्गहरुसित ऋणी भए अनि बिस्तारै उनीहरुको भूमि ओगट्ने नयाँ शक्तिशालीहरुको दास बने ।

**५३**. नेपाल सरकारको प्रतिवेदन अनुसार सन् २००० अर्थात् २०५५ सालमा कमैया परिवार र कमैयाका क्षेत्रमा काम गरिरहेका संघसंस्थाले गरेको निरन्तर आन्दोलन र दबाब पछि सरकारले कमैयाहरुको गैरकानुनी रुपमा लगाएको ऋण मिनाहा गरी कमैया प्रथाको अन्त्य भएको घोषणा गऱ्यो भने सरकारले मुक्त कमैया परिवारहरुलाई सहयोग गर्ने ऐन समेत पारित गरी संस्थागत गऱ्यो ।

**५४**. तर पनि, थारु आदिवासी जनजातिहरुमा जबर्जस्ती श्रमिक बनाउने तथा बन्ने चलन अझै पनि विद्यमान छ । ती परिवारका अनुसार बँधुवा मजदुर हुनु पछाडिको मुख्य कारण, अन्य रोजगार पाउनको लागि चाहिने शिक्षा, तालिम र सीपको कमी हो । यसको साथै उनीहरुसँग खान पुग्ने कमाइ गर्न चाहिने भूमि र सम्पत्तिको कमी हुनु हो । आर्थिक र सामाजिक अवस्थाले सृजना गरेको बाध्यात्मक परिस्थिति ऋणी भएर बँधुवा मजदुर बनेको पहिलाको अवस्थाभन्दा अझ बाध्यकारी परिस्थिति हो । आदिवासी जनजातिहरुको मानवअधिकार हेर्ने विशेष समाधिक्षकले नेपालका आदिवासी जनजातिहरुको अवस्थाको बारेमा तयार पारेका प्रतिवेदनमा थारु आदिवासी जनजातिहरुकोले भोगी राखेका समस्याका वारेमा सम्बोधन गरेका छन । उनले आफ्नो प्रतिवेदनमा भनेका छन, "सरकारले सूचीकरण गरेका लोपोन्मुख तथा अति सीमान्तीकृत  आदिवासी जनजातिहरु साथै पुर्व बँधुवा मजदुर र कमैया परिवारहरुको लागि सरकारले तुरुन्त कार्ययोजनाहरु बनाएर अगाडि बढ्नु जरुरी छ । यसो गर्दा सरकारले बँधुवा मजदुहरुको विषयमा विशेष ध्यान दिई उनीहरुको लागि गरेका प्रतिबद्धता र प्रतिज्ञाहरु पूरा गर्नुपर्छ ।"

**सुझाव**

**५५**. कमैया तथा कम्लरी जस्ता बँधुवा मजदुर भई पीडित परिवार विशेष गरी थारु महिला र मुक्त कमैयाका बालबालिका जो घरेलु श्रम तथा कृषि श्रमबाट हाल मुक्त भएका छन्, उनीहरुलाई राज्यको स्रोत साधनमा पँहुच दिलाई आफ्नो जीवन सहज तरिकाले निर्वाह गर्नको लागि चाहिने विशेष तालिम तथा आवश्यक सिप दिलाउनको लागि पहल गर्न हामी नेपाल सरकारलाई सुझाव दिन चाहन्छौं ।

## महिलामाथि हुने हिंसा : आदिवासी जनजाति महिलामाथि हुने यौन शोषण तथा बेचबिखन (धारा ६ र साधारण सुझाव नं. १९)

**५६**. नेपालमा कति महिला र केटी वा कतिपय अवस्थामा केटाहरु यौन शोषण र बेचबिखनमा परेका छन् त ? भन्ने सम्बन्धमा यकिन संख्या वा तथ्याङ्क पाउन गाह्रो छ । तर विभिन्न स्रोतले यस सम्बन्धमा विभिन्न आँकडाहरु निकालेका छन् । संयुक्त राष्ट्रसंघ विकास कार्यक्रमको अनुसार वर्षमा करिब १२,००० केटी र महिलाहरु यौन शोषणमा परेका छन् त्यसमध्ये पाँच भागको एक भाग महिलाहरुको उमेर १६ वर्षभन्दा मुनि रहेको छ । तथ्याङ्क जे सुकै भए पनि महिला बेचबिखन नेपालको सन्दर्भमा एक गम्भीर र सरोकारको विषय भएको छ, भने  समितिको आउँदो बैठकको लागि सरकारले पेस गरेको प्रतिवेदनमा समेत महिला बेचबिखन र यौन शोषणको विषय नेपालको सन्दर्भमा गम्भीर र

सरोकारको विषय भएको स्विकार गरिएको छ । महिलामाथि हुने सबै खाले विभेदहरुको अन्त्य गर्ने अन्तर्राष्ट्रिय महासन्धिको धारा ६ साथै समितिको १९ नं. को सुझावमा विस्तृत रुपमा यौनशोषण र महिला बेचबिखन आधारभूत मानवअधिकारको उलंघन भएको उल्लेख छ ।

**५७**. यसको अलावा, नेपालको प्रतिवेदनमा नेपालका आदिवासी जनजाति महिलाहरु अधिक रुपमा बेचबिखनमा परेको उल्लेख गरेको छ । प्रतिवेदनले भनेको छ, "आर्थिक वर्ष २०६३/०६४ मा २३३ जना बालबालिकालाई बेचबिखनबाट उद्धार गरेको र तीमध्ये २१७ जना केटी थिए । उद्धार गरिएका बालबालिकाहरुको संख्या मध्ये ७८.५५ प्रतिशत आदिवासी जनजातिबाट र १२.५ प्रतिशत दलित जातिबाट थिए ।" विरोधभाष के छ भने, नेपालको कुल जनसंख्यामा आदिवासी जनजातिहरुको जनसंख्या ३७ प्रतिशत भए पनि बेचबिखनमा परेका महिलाहरुको संख्याको हिसाव गर्ने हो भने, ८० प्रतिशत संख्या आदिवासी जनजाति महिला र केटीले ओगट्दछन् । यो आँकडाले के देखाउँदछ भने, आदिवासी जनजाति महिला र केटीहरुमा भएको चरम यौनशोषण र बेचबिखनको समस्याको सम्बोधन गर्न र सो समस्याको अन्त्यको लागि छुट्टै संयन्त्र निर्माण गर्नु आवश्यक छ ।

**५८**. महिला बेचबिखनको समस्या अन्त्य गर्न चालिएको प्रयासहरुलाई अझ बढावा दिन सुझाव दिँदै, यस विषयमा समितिले पहिला पनि सम्बोधन गरिसकेको छ । त्यसै गरी नेपालले अवलम्बन गरेका महिला बेचबिखन विरोधी रणनीतिमा रोकथामका उपायहरु समावेश गर्न, त्यसलाई कार्यान्वयन गर्न र महिला वेचविखनमा संलग्न अपराधीहरुलाई कार्वाही गर्न साथै, राष्ट्रिय, अन्तर्राष्ट्रिय र क्षेत्रीय तथा द्विपक्षीय सहयोग बढाउनको लागि पनि समितिले सुझाव दिएको छ । साथै, समितिले राज्य पक्षलाई समितिमा पेस गर्ने अर्को प्रतिवेदनमा महिला बेचबिखन र यौनशोषणको क्षेत्रमा चालिएका कानुनी तथा अन्य प्रयास र यो समस्याको अवस्थाको विषयमा के भइरहेको छ जानकारी दिन समेत भनेको थियो । यो सुझावले केही हदसम्म महिला बेचबिखन तथा यौनशोषण जस्तो जटिल समस्या सम्बोधन गरे पनि अझै पनि नेपालका आदिवासी जनजाति महिलाहरुको बारेमा भन्ने हो भने अझै पनि उनीहरुको समस्यामा सम्बोधन हुन सकेका छैनन् भने पीडित आदिवासी जनजाति महिलाहरुको क्षेत्रमा सम्बोधन गर्न अझै धेरै बाँकी छ ।

**सुझाव**

**५९**. नेपालको विश्वव्यापी आवधिक समीक्षाका बेला इन्डोनेसियाले नेपाल सरकारलाई महिला बेचबिखन र यौनशोषणको अन्त्यको लागि वृहत् र कडा भन्दा कडा कानुन तर्जुमा गर्न र घरेलु हिंसा, मानव-तस्करी र महिला बेचबिखन अन्त्य गर्न बनेको हालको मौजुदा कानुनहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्न दिएको सुझावको समर्थन गर्छौं । त्यसै गरी, समितिलाई पनि यस्तै खालको सुझाव नेपाल सरकारलाई यो सत्रमा पनि दिन विनम्र अनुरोध गर्दछौं ।

६१. यसको साथै नेपाल सरकारलाई माहिला माथि हुने सबै प्रकारका हिंसाहरुको रोकथामका लागि बनेका कानुनी कदमहरुलाई अझ बढावा दिन माहिला माथि हुने सबै प्रकारका हिंसा सम्बन्धी महासन्धिले गरेको सुझाव झैं, समितिलाई, नेपाल सरकारले चालेका त्यस्ता प्रयासहरु बढी जोखिममा परेका महिलाहरुलाई लक्षित गर्न र त्यसमा पनि आदिवासी जनजाति महिला तथा केटीहरुलाई प्राथमिकतामा राखी, त्यस्तो समस्या सम्बोधनका लागि मुख्य कारकहरु जस्तै गरिबी, आर्थिक रुपले पिछडिएका, भूमि गुमाएका साथै आर्थिकोपार्जनका लागि बसाइ सराइ गरेकालाई जोड दिने गरी महिलामाथि हुने हिंसा अन्त्यको थालनी गर्न आग्रह गर्दछौं ।

**सुझावहरु**

१) सरकारद्वारा स्वीकृत गरिएका सूचीमा नपरेका नेपालका आदिवासी जनजातिहरुलाई स्व- पहिचानको सिद्धान्तलाई ध्यानमा राखी पहिचान दिलाउन पर्ने (हे अनुसूची क)

२) संभावित आदिवासी आयोगको स्थापना गरी अद्योपान्त राष्ट्रिय कानुनहरुको पुनरावलोकन गर्नुपर्ने । पुनरावलोकनको माध्यमद्वारा निश्चित समूहद्वारा महिलाहरु उपर जातीय आधारमा प्रत्यक्ष वा अप्रत्यक्ष भेदभाव गर्न दिने कानुनहरुलाई पहिचान तथा सुधार गर्ने । न्यूनतम रुपमा आदिवासी जनजातिहरुको भूमि, प्रशासन, कानूनलाई मान्यता नदिने तथा परम्परागत जीविकोपार्जनलाई बञ्चित गर्ने कानुनलाई त्यस प्रकारको कानुनी सुधार गरी सच्याउन पर्ने ।

३) आदिवासी जनजाति महिलालाई कानुन सुधार प्रक्रियामा सहभागी गरी भूमि, प्राकृतिक स्रोतको पहुँच र व्यवस्थापनको अधिकारलाई सुनिश्चित गर्नको लागि सावधानीपूर्वक बनाइएको योजनाद्वारा भूमि प्रशासन र पहुँचको अधिकारलाई सुधार गर्ने । उनीहरुको संस्कृतिसंग गाँसिएको भूमि र स्रोतको स्वामित्व र व्यवस्थापनको अधिकारलाई कायम राख्न आवश्यकीय ठाउँहरुमा आदिवासी जनजातिहरुको सामूहिक अधिकारलाई मान्यता दिन समेत पर्दछ ।

४) भूमिको दर्ता पुर्जा प्रदान नगरिएको नेपालका क्षेत्रहरुमा भूमि सीमाङ्कन, रेखाङ्कन र भूमि दर्ता पुर्जा प्रक्रियासँगै भूमि अधिकारलाई मान्यता दिने निश्चित व्यवस्थापकीय उपायहरु अवलम्बन गर्नुपर्ने, वा आदिवासी जनजातिहरुका सामूहिक अधिकारलाई विचार नगरी महिला, पुरुष तथा आदिवासी जनजाति समूहको सहमति नलिई समाप्त गरिएको भएमा संयन्त्र स्थापना गरी गुमेको भूमिमा अधिकार दिनु पर्दछ ।

५) अग्रिम, सुसूचित र स्वतन्त्र सहमति लिएपछि मात्र कुनै पनि ठुला परियोजनालाई अनुमति दिने कार्य सुनिश्चित गर्नुपर्ने । सरकारी आवश्यक्ताका सार्वजानिक सरोकारका ठुला ठुला परियोजना सञ्चालन गर्न जब सहमति प्रदान गरिन्छ, आदिवासी जनजाति महिला तथा पुरुषलाई विशिष्ट प्रकारको वा उपयुक्त क्षतिपूर्ति दिने सम्बन्धमा विशेष प्रकारको निर्देशिकामा समावेश हुनु पर्दछ साथै भूमिको

बदला भूमि दिनुपर्दछ । जाति तथा जनजातिको आधारमा असमान लाभांश वितरण व्यवस्था नहुने सुनिश्चित गर्नु पर्दछ ।

६) व्यापक भेदभावलाई निषेध गर्न सरकारले आफ्ना प्रयासहरुलाई अनुवादको सेवाहरु, दुर्गम क्षेत्रका समुदायहरुलाई यातायात सहयोगको व्यवस्था, न्यायिक कामकुराहरुमा वैधानिक रुपले आदिवासी जनजातिको भाषा प्रयोग गर्न पाउने कार्यद्वारा सुदृढ पहुँच भएका प्रशासनिक तथा न्यायिक उपचारहरु कार्यान्वयन गर्नु पर्दछ ।

७) पछाडि पारिएका, सीमान्तकृत समूहहरु विशेष गरी दलित, मधेशी, आदिवासी जनजाति र यस समुदायका महिलाहरुले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई भेदभाव विना पूर्ण रुपमा उपभोग गर्न संरक्षण र सर्म्बद्धनको लागि कार्यान्वयन गरिएका कार्यक्रमहरु अनुगमन गर्न राष्ट्रिय आदिवासी जनजाति आयोग अन्तर्गत संयन्त्र स्थापना गर्ने ।

८) आदिवासी जनजातिहरुको अवस्था र उपयुक्त लैङ्गिक संवेदनशील विकासको सही सूचनाको लागि लैङ्गिकता र स्व-पहिचानको मापदण्डलाई ध्यानमा राख्दै आदिवासी जनजाति र न्याशनालिटीको खण्डीकृत तथ्याङ्क संकलन सुनिश्चित गर्ने ।

९) विद्यमान भूमि सुधार प्रयासमा आदिवासी जनजातिहरुको परम्परागत भूभागमा पहुँच, व्यवस्थापन र प्रयोगको अधिकारको संरक्षणलाई विशेष ध्यान दिँदै, व्यैयक्तिक तथा सामुहिक भूमि व्यवस्थापनको अधिकार सुनिश्चित गर्ने ।

१०) राजनीतिक तथा सार्वजनिक क्षेत्रहरुमा आदिवासी जनजाति महिलाहरुको आदिवासी जनजाति महिलाकै रुपमा प्रभावकारी सहभागिता प्रर्वद्धन गर्ने । यस प्रक्रियामा आदिवासी जनजातिहरुको आत्मनिर्णयको अधिकारको पुर्णरुपमा सम्मान गर्नको लागि राष्ट्रिय राजनीतिमा आफ्ना मौलिक प्रकारले स्वतन्त्र रुपमा चुनिएका संस्थागत प्रतिनिधिहरुको माध्यमबाट भाग लिन सक्नेछन् ।

११) उनीहरुले आफैँ छानेका सामुहिक प्रतिनिधित्वको अधिकारलाई मान्यता दिँदै संविधान निर्माण प्रक्रियामा उनीहरुले स्वतन्त्र पूर्वक छानेका आदिवासी जनजाति महिला तथा पुरुष प्रतिनिधिहरुद्वारा आदिवासी जनजातिको सहभागिताको व्यवस्था गर्ने ।

१२) लैङ्गिक मूलप्रवाहीकरणको लागि आवश्यकता प्रतिबिम्बित गर्ने गरी विभेदका दुवै स्वरुपलाई सम्बोधन गर्दै सीमान्तकृत समुदायहरुभित्र समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न कोटा अथवा आरक्षणको व्यवस्था गर्ने ।

१३) अन्य सबै विकल्प मूल्याङ्कन गरेपश्चात् नलगाई नहुने अपवादको परिस्थितिमा मात्र परम्परागत वा रीतिगत जीविकोपार्जनमा प्रतिबन्ध लगाउने कार्य गर्ने, यस्तो गर्दा जीविकोपार्जनको पेसाको उपयुक्त प्रतिस्थापनाको लागि अवसर प्रदान गरी विशेष उपायद्वारा सुनिश्चित गर्ने ।

१४) बहुसंख्यक आदिवासी जनजातिहरु पढ्न जाने विद्यालयहरुमा पठनपाठनको माध्यम भाषा आदिवासी जनजातिहरुकै भाषाहरुको  मान्यतालाई सुनिश्चित गर्ने, साथै आदिवासी जनजाति बालबालिकाहरुका माझमा साक्षरता वृद्धिदर बढाउन सहयोग गर्नको लागि दुईभाषिक शैक्षिक कार्यक्रमहरु स्थापना गर्नु पर्दछ । उनीहरुको संस्कृतिसाथै विशिष्ट भाषालाई सशक्त बनाउन संस्कृति मन्त्रालयबाट उनीहरुसंग बसी शैक्षिक कार्यक्रम तर्जुमा गर्नु पर्दछ ।

१५) न्याय प्रणाली, सार्वजनिक स्वास्थ्य, शिक्षा साथै राज्यको संञ्चारलगायतका सबै क्षेत्रहरुमा नेपालका सबै आदिवासी जनजातिहरुसँग उनीहरुको भाषाहरुको कानुनी समानताको व्यवस्था गर्ने ।

१६) बँधुवा मजदुरको अवस्थावाट  अलग्ग राख्न वा उनीहरुको जीवन र जीविकोपार्जन पुनः स्थापित गर्न, स्रोतहरुमा सक्षम बनाउने कार्य सुनिश्चित गर्न  जबरजस्ती श्रममा लगाइएका वा बँधुवा मजदुर ( विशेषगरी थारु महिला तथा बालबालिका घरेलु बँधुवा मजदुरबाट कृषि श्रमबाट मुक्त भएका जस्तोः कमैया वा कमलरी) प्रथाबाट मुक्त भएकालाई स्थायी तालिम तथा सीप सहयोग प्रदान गर्नु पर्ने ।

१७) सकारात्मक कानुनी व्यवस्थाको सहयोगको लागि कडा कानुनी कार्यान्वयनको व्यवस्थाहरु जसले महिला र चेलिबेटी बेचविखनलाई सम्बोधन गर्न सीमा रक्षकलाई तालिम दिनपर्ने, गैरकानुनी धन्दा गर्नेलाई कडाभन्दा कडा सजायँ गर्नुपर्ने । यस प्रकारका रोकथामका व्यवस्थाहरुमा  लक्षित र प्रभावकारी उपायहरु समावेश हुनुपर्दछ जस्तै दुर्गम क्षेत्रहरुमा  प्रभावकारी अर्थिक विकास कार्यहरु चेलीबेटी बेचविखनका कार्यक्रमहरुलाई सम्बोधन गर्ने गर्दै विषेशगरी संकटाभिमुख जनसमुदाय साथै आदिवासी जनजाति महिला तथा चेलीबेटीहरुलाई विशेष जोड दिनपर्ने ।

................

अनुसूची १,

पहिचान गरिएका नेपालका आदिवासी जनजातिहरुको तालिका

भाग २ को धारा २ अन्र्तगतको तालिका

आदिवासी जनजाति उत्थानको लागि गठित प्रतिष्ठान २०५८ तदनुसार (सन, २००२)

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ (सन, २००२)

१) किसान
२) कुमाल
३) कुशवडिया
४) कुसुन्डा
५) गन्गाई
६) गुरुङ
७) चेपाङ
८) छन्त्याल
९) छैरोतन
१०) जिरेल
११) झाँगड
१२) डोल्पो
१३) ताङवे
१४) ताजपुरिया
१५) तामाङ
१६) तिनगाउँले थकाली
१७) तोक्पेगोला
१८) थकाली
१९) थामी
२०) थारु
२१) थुदाम
२२) दनुवार
२३) दराई
२४) दुरा
२५) धानुक (राजवंशी)
२६) धिमाल
२७) नेवार
२८) पहारी
२९) फ्रि
३०) बनकरिया
३१) बरामु
३२) बाह्रगाउँले

३३) बोटे

३४) भुजेल

३५) भोटे

३६) मगर

३७) माझी

३८) मारफाली थकाली

३९) मुगाली

४०) मेचे (बोडो)

४१) याख्खा

४२) राई

४३) राउटे

४४) राजवंशी (कोच)

४५) राजी

४६) लार्के

४७) लिम्बु

४८) लेप्चा

४९) लोपा

५०) ल्होमी (सिङसवा)

५१) वालुङ

५२) व्यासी

५३) शेर्पा

५४) सतार

५५) सतार (सन्थाल )

५६) सियार

५७) सुनुवार

५८) सुरेल

५९) हायु

अनुसूची २,

राजनीतिमा महिलाहरुको प्रतिनिधित्व सम्बन्धी तथ्याङ्क २०६४, (सम्भव भए सम्म आदिवासी जनजाति महिलाहरु बारे पनि समाहित गरिएको ।

राजनीतिक सहमतिको आधारमा, अन्तरिम संविधान मस्यौदा समितिले नेपालको अन्तरिम संविधान २०६३, भदौ १ गते प्रस्तुत गरेको हो । सोही संविधानको मर्म अनुसार, माओवादी सहित ३३० सदस्यीय रहेको संसदको पुर्नस्थापना गरिएको थियो । ३३० सदस्यीय रहेको संसदमा ५७ जना महिला संसद रहेका थिए ।

२०६३ सालमा पुनर्स्थापित संसदमा महिलाहरुको प्रतिनिधित्व

| राजनीतिक दलको नाम | जम्मा सदस्य संख्या | महिला | महिलाहरुको प्रतिशत |
|---|---|---|---|
| नेपाली काङ्ग्रेस | १३३ | १० | ७.५ |
| नेकपा-एमाले | ८३ | १२ | १४.५ |
| नेकपा-(माओवादी) | ८३ | ३१ | ३६.१ |
| अन्य | ३१ | ४ | १३.१ |
| जम्मा | ३३० | ५७ | १७.३ |

स्रोत : लिङ्गको आधारमा छुट्टयाएको तथ्याङ्क, राष्ट्रिय महिला आयोग

सुरुको दिनमा संविधानसभामा जम्मा २५ वटा राजनीतिक दलहरु थिए, तिनीहरु मध्ये १९ वटा राजनीतिक दलहरुको मात्र महिला प्रतिनिधिहरु थिए । पछि, जनमोर्चा नेपाल नेकपा (माओबादी) सँग गाभिएको थियो भने, कतिपय राजनीतिक दलहरु टुक्रिएर, संविधान सभामा भाग लिने अहिले राजनीतिक दलहरुको संख्या अहिले २९ पुगेको छ । ती मध्ये, २१ वटा राजनीतिक दहरुको मात्र महिला प्रतिनिधिहरु रहेका छन् ।

नेपालले मिश्रित चुनावीय प्रणाली अपनाएको छ-पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली रहेका छन् । भने पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत जम्मा २९ जना महिलाहरु निर्वाचित भएका थिए । भने, ११६ जना महिलाहरु समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत संविधान सभामा सहभागी भएका थिए ।

संविधानसभामा प्रतिनिधित्व गर्ने २१ वटा राजनीतिक दल र ती दलहरुका प्रतिनिधित्व गर्ने महिलाहरुको संख्या देखाएको तालिका ।

तालिका : २१ वटा राजनीतिक दलहरुको महिला सदस्य

| सि.नं. | राजनीतिक दल | समानुपातिक निर्वाचन प्रणाली | पहिलो हुने निर्वाचित हुने प्रणाली | महिला मनोनयन | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | एकीकृत नेकपा-( माओवादी) | ५२ | २३ | ३ | ७८ | ३९.८ |
| २. | नेपाली काङ्ग्रेस | ३६ | २ | १ | ३९ | २० |
| ३. | नेकपा-एमाले | ३५ | १ | २ | ३८ | १९.५ |
| ४. | मधेसी जनाधिकार फोरम लोकतान्त्रिक | ६ | १ | ० | ७ | ३.६ |
| ५. | मधेसी जनाधिकार फोरम, नेपाल | ५ | १ | ० | ६ | ३.१ |
| ६. | तराई मधेस लोकतान्त्रिक पार्टी | २ | ० | ० | २ | १.० |
| ७. | तराई मधेस लोकतान्त्रिक पार्टी, नेपाल | ४ | ० | ० | ४ | २.० |
| ८. | राष्ट्रिय प्रजातन्त्र पार्टी | ४ | ० | ० | ४ | २.० |
| ९. | नेकपा-माले | ३ | ० | ० | ३ | १५ |
| १०. | नेकपा-एकिकृत | २ | ० | ० | २ | १.० |
| ११. | सदभावना पार्टी | २ | ० | ० | २ | १.० |
| १२. | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | २ | ० | ० | २ | १.० |
| १३. | नेकपा-संयुक्त मार्क्सवादी | १ | ० | ० | १ | ०.५ |
| १४. | राष्ट्रिय जनशक्ति पार्टी | १ | ० | ० | १ | ०.५ |
| १५. | राष्ट्रिय जनमोर्चा | १ | ० | ० | १ | ०.५ |
| १६. | नेपाल मजदुर किसान पार्टी | १ | ० | ० | १ | ०.५ |
| १७. | नेपाली जनता दल | १ | ० | ० | १ | ०.५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८. | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | १ | ० | ० | १ | ०.५ |
| १९. | नेपाल सद्भावना पार्टी (आनन्ददेवी) | १ | ० | ० | १ | ०.५ |
| २०. | नेकपा-माले समाजबादी | १ | ० | ० | १ | ०.५ |
| २१. | राष्ट्रिय जनमुक्ति पार्टी | १ | ० | ० | १ | ०.५ |
| | जम्मा | १६१ | २९ | ६ | १९६ | १००.० |

त्यसै गरी तलको तालिकामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत अल्पसंख्यक जातिबाट निर्वाचित हुने महिलाहरुको संख्या देखाइएको छ ।

तालिका : पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत अल्पसंख्यक जातिबाट निर्वाचित हुने महिलाहरुको संख्या

| राजनीतिक दल | मधेसी | आदिवासी जनजाति | दलित | मुस्लिम |
|---|---|---|---|---|
| नेकपा-(माओबादी) | ० | ९ | २ | ० |
| नेपाली काङग्रेस | ० | ० | ० | ० |
| नेकपा-एमाले | ० | ० | ० | ० |
| मधेसी जनाधिकार फोरम नेपाल | १ | ० | ० | ० |
| मधेसी जनाधिकार फोरम लोकतान्त्रिक | ० | ० | ० | १ |

त्यसै गरी तलको तालिकामा समानुपातिक निर्वाचन प्रणाली अर्न्तगत अल्पसंख्यक जातिबाट निर्वाचित हुने महिलाहरुको संख्या देखाइएको छ ।

तालिका : समानुपातिक निर्वाचन प्रणाली अर्न्तगत अल्पसंख्यक जातिबाट निर्वाचित हुने महिलाहरुको संख्या

| राजनीतिक दल | मधेसी | आदिवासी जनजाति | दलित | मुस्लिम |
|---|---|---|---|---|
| नेकपा-(माओवादी) | ७ | २१ | ६ | १ |
| नेपाली काङ्ग्रेस | ४ | ११ | ५ | १ |
| नेकपा-एमाले | ६ | १३ | ४ | १ |
| मधेसी जनाधिकार फोरम नेपाल | ४ | ० | ० | १ |
| मधेसी जनाधिकार फोरम लोकतान्त्रिक | ३ | १ | १ | १ |
| तराई मधेस लोकतान्त्रिक पार्टी | २ | ० | १ | ० |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | ० | २ | १ | ० |
| नेकपा-माले | ० | १ | ० | ० |
| राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल | ० | १ | ० | ० |
| राष्ट्रिय जनशक्ति पार्टी | ० | १ | ० | ० |
| राष्ट्रिय जनमोर्चा | ० | १ | ० | ० |
| नेपाल मजदुर किसान पार्टी | ० | १ | ० | ० |
| नेकपा-एकिकृत | १ | ० | ० | ० |
| नेपाली जनता दल | १ | ० | ० | ० |
| संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | ० | १ | ० | ० |
| सद्भावना पार्टी | १ | ० | ० | ० |
| राष्ट्रिय जनमुक्ति पार्टी | ० | १ | ० | ० |
| नेकपा-माले समाजवादी | ० | ० | १ | ० |